# मूल्य अभिवृद्धि कर नियमावली, २०५३

राजपत्रमा प्रकाशित मिति
२०५३।१२।११

**संशोधन**

| | | |
|---|---|---|
| १. | मूल्य अभिवृद्धि कर [1](पहिलो संशोधन) नियमावली, २०५५ | २०५५।०८।०७ |
| २. | मूल्य अभिवृद्धि कर (दोस्रो संशोधन) नियमावली, २०५९ | २०५९।०३।२४ |
| ३. | मूल्य अभिवृद्धि कर (तेस्रो संशोधन) नियमावली, २०५९ | २०५९।०९।२२ |
| ४. | मूल्य अभिवृद्धि कर (चौथो संशोधन) नियमावली, २०६० | २०६०।०४।०१ |
| ५. | मूल्य अभिवृद्धि कर (पाँचौं संशोधन) नियमावली, २०६१ | २०६१।०४।०१ |
| ६. | मूल्य अभिवृद्धि कर (छैठौं संशोधन) नियमावली, २०६१ | २०६१।१२।०३ |
| ७. | मूल्य अभिवृद्धि कर (सातौं संशोधन) नियमावली, २०६२ | २०६२।०४।०१ |
| ८. | मूल्य अभिवृद्धि कर (आठौं संशोधन) नियमावली, २०६२ | २०६२।०६।१४ |
| ९. | मूल्य अभिवृद्धि कर (नवौं संशोधन) नियमावली, २०६२ | २०६२।१०।०१ |
| १०. | मूल्य अभिवृद्धि कर (दशौं संशोधन) नियमावली, २०६४ | २०६४।०३।२८ |
| ११. | मूल्य अभिवृद्धि कर (एघारौं संशोधन) नियमावली, २०६६ | २०६६।०३।२९ |
| १२. | मूल्य अभिवृद्धि कर (बाह्रौं संशोधन) नियमावली, २०६७ | २०६७।०८।०४ |
| १३. | मूल्य अभिवृद्धि कर (तेह्रौं संशोधन) नियमावली, २०६८ | २०६८।०३।३१ |
| १४. | मूल्य अभिवृद्धि कर (चौधौं संशोधन) नियमावली, २०७० | २०७०।०१।३० |
| १५. | मूल्य अभिवृद्धि कर[2] (चौधौं संशोधन) नियमावली,२०७० | २०७०।०३।३० |
| १६. | मूल्य अभिवृद्धि कर (सोह्रौं संशोधन) नियमावली, २०७१ | २०७१।०३।२९ |
| १७. | मूल्य अभिवृद्धि कर (सत्रौं संशोधन) नियमावली, २०७२ | २०७२।०३।३१ |
| १८. | मूल्य अभिवृद्धि कर (अठारौं संशोधन) नियमावली, २०७३ | २०७३।०२।१५ |
| १९. | मूल्य अभिवृद्धि कर (उन्नाइसौं संशोधन) नियमावली, २०७४ | २०७४।०४।१० |
| २०. | मूल्य अभिवृद्धि कर (बीसौं संशोधन) नियमावली, २०७५ | २०७५।०२।२२ |
| २१. | मूल्य अभिवृद्धि कर (एक्काइसौं संशोधन) नियमावली, २०७६ | २०७६।०२।१५ |
| २२. | मूल्य अभिवृद्धि कर (बाइसौं संशोधन) नियमावली, २०७७ | २०७७।०२।१५ |
| २३. | मूल्य अभिवृद्धि कर (तेइसौं संशोधन) नियमावली, २०७८ | २०७८।०२।१५ |
| २४. | मूल्य अभिवृद्धि कर (चौबीसौं संशोधन) नियमावली, २०७९ | २०७९।०२।१५ |
| २५. | मूल्य अभिवृद्धि कर (पच्चीसौं संशोधन) नियमावली, २०८० | २०८०।०२।१५ |

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर नियमावली, २०५३" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ।[३]

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनु पर्छ।

(ख) "कर अवधि" भन्नाले करदाताले ऐनको दफा १८ बमोजिम कर विवरण पेश गर्नु पर्ने अवधि सम्झनु पर्छ।

(ग) "कर विवरण" भन्नाले करदाताले कर अवधिमा कर लाग्ने कारोबार गरे बापत बुझाउनु पर्ने करको सम्बन्धमा पेश गरेको विवरण सम्झनु पर्छ।

## परिच्छेद-२

## दर्ता सम्बन्धी व्यवस्था

३. **दर्ताको लागि दरखास्तः** (१) ऐन प्रारम्भ हुँदाका बखत कुनै कारोबारमा संलग्न रहेको व्यक्तिले ऐन प्रारम्भ भएको मितिले नब्बे दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त दिनु पर्नेछ।

(२) ऐन प्रारम्भ भएपछि कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार सुरु गर्नुभन्दा अघि सम्बन्धित कर अधिकृत समक्ष अनुसूची–१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम दर्ताको लागि दरखास्त दिने व्यक्ति साझेदार भएमा [४]अनुसूची–१ बमोजिमको ढाँचामा साझेदारीको पूर्ण विवरण समेत दरखास्त साथ संलग्न राखी पेश गर्नु पर्नेछ।

४. **दरखास्तको जाँचबुझः** (१) नियम ३ बमोजिम परेको दरखास्तसाथ संलग्न विवरण तथा कागजातहरू जाँचबुझ गर्दा आवश्यक देखिएका अन्य थप विवरण तथा कागजातहरू समेत पेश गर्न सम्बन्धित कर अधिकृतले दरखास्तवालासँग माग गर्न सक्नेछ। यसरी मागिएको थप विवरण तथा कागजातहरू माग गरिएको मितिले सात दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्ने कर्तव्य दरखास्तवालाको हुनेछ।

(२) ऐनको दफा १० को उपदफा (३) मा उल्लेख भए बमोजिम दर्ता गर्नु नपर्ने कारोबार दर्ता गर्नको लागि कसैको दरखास्त पर्न आएको रहेछ भने सम्बन्धित कर अधिकृतले दर्ता गर्नु नपर्ने व्यहोरा उल्लेख गरी सोको जानकारी दरखास्त परेको मितिले सात दिनभित्र दरखास्तवालालाई दिनु पर्नेछ।

५. **दर्ताको प्रमाणपत्र दिनु पर्नेः** नियम ३ बमोजिम दर्ताको लागि परेको दरखास्त उपर सम्बन्धित कर अधिकृतले नियम ४ बमोजिम जाँचबुझ गरी दर्ता गर्न उपयुक्त हुने देखेमा दरखास्त परेको मितिले तीस दिनभित्र दरखास्तवालाले गरेको वा गर्न चाहेको कारोबारलाई दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ता नम्बर सहितको दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

६. **सानो कारोबार गर्ने व्यवसायीले दर्ता गराउनु नपर्नेः** [५](१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा [६]वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा [७]पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा बीस लाख रूपैयाँसम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउन पर्ने छैन। यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा [८]वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा [९]पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा [१०]बीस लाख रूपैयाँसम्मको कारोबार मात्र भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ।

[११]तर नेपालभित्र कर छुटको कारोबार गर्ने व्यक्तिको आफ्नो उपयोगका लागि आफैं पैठारी गर्नेदेखि बाहेक अन्य कुनै पनि व्यक्तिले एक पटकमा दश हजार रूपैयाँभन्दा बढीको करयोग्य वस्तु पैठारी गर्दा आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ।

[१२](१क) कुनै आपूर्तिको खरिद, बिक्री, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा करको प्रयोजनको लागि कर अधिकृतले त्यस्तो आपूर्तिको खरिद, बिक्री र मौज्दातलाई एउटै कारोबार सीमा मानी कर निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

[१३](१ख) ..........

[१४](१ग) ..........

[१५](२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गराउन चाहेमा नियम ३ बमोजिम दरखास्त दिन सक्नेछ। यसरी स्वेच्छाले कारोबार दर्ता गराउन दरखास्त

परेमा कर अधिकृतले नियम ४ बमोजिमको जाँचबुझ प्रक्रिया पूरा गरी ऐनको दफा ९ को अधीनमा रही कारोबार दर्ता गरिदिनु पर्नेछ।

[१६]६क. **ठेक्का सम्बन्धी व्यवस्थाः** (१) सरकारी निकाय, सार्वजनिक सङ्घ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई सम्बन्धित ठेकेदारलाई कर भुक्तानी गर्नु पर्नेछ।

(२) सरकारी निकाय वा सार्वजनिक सङ्घ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक पाँच लाख रूपैयाँभन्दा बढीको ठेक्कापट्टा दिँदा वा परामर्श सेवा लिँदा दर्ता भएको व्यक्तिसँग मात्र दिनु लिनु पर्नेछ।

[१७]६ख. **निर्माण सेवा सम्बन्धी विशेष व्यवस्थाः** कुनै व्यक्तिले व्यावसायिक प्रयोजनको लागि पचास लाख रूपैयाँभन्दा बढी लागतको भवन, अपार्टमेन्ट, सपिङ्ग कम्प्लेक्स वा विभागले तोकेको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्दा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्नेछ।

[१८]६ग. **ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्ति बापतको कर भुक्तानी सम्बन्धी विशेष व्यवस्थाः** (१) सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्घ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको [१९]तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम भुक्तानी गर्ने निकायले राजस्व शीर्षकमा जम्मा गरिदिएको व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउनेछ।

७. **कारोबार दर्ता गराउनु पर्ने विशेष अवस्थाः** [२०](१) कुनै व्यक्तिको वार्षिक कारोबार [२१]वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा बीस लाख रूपैयाँ नाघ्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची–१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

[22](२) उपनियम (१) बमोजिम अनुमान गर्न सकिने अवस्था नभई कसैले गरेको कारोबारको रकम [23]वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा बीस लाख रूपैयाँ नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची–१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

[24](३) ..........

[25](४) ऐनको दफा १० को उपदफा (२) बमोजिम दर्ता गर्नु पर्ने वस्तु वा सेवाको कारोबार गरेका व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ता गर्नु पर्नेछ।

[26](५) ...........

[27](६) दर्ता हुनु पर्ने व्यक्तिले दर्ता नगरी कारोबार गरेको पाइएमा कर अधिकृतले आधार तथा कारण उल्लेख गरी तीस दिनभित्र दर्ता हुन सम्बन्धित व्यक्तिलाई आदेश दिनु पर्नेछ र त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो अवधिभित्र कारोबार दर्ता गराउनु पर्नेछ।

[28]**७क.** **अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्थाः** (१) अस्थायी रूपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएकाले ऐनको दफा १०क. बमोजिम कारोबार दर्ता गर्न सम्बन्धित आयोजकको सिफारिस सहित कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा त्यस्तो कार्यक्रमबाट प्राप्त हुने आयको पूर्वानुमान गरी सो आयको दुई प्रतिशतले हुने रकम सो कार्यालयमा धरौटी राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा कर अधिकृतले त्यस्तो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गरी निवेदकलाई दर्ता नम्बर सहितको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता भएकाले प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम समाप्त भएको सात दिनभित्र कारोबार दर्ता गर्नेले कर अधिकृत समक्ष मूल्य अभिवृद्धि कर विवरण र मूल्य अभिवृद्धि कर दाखिला गरी अस्थायी दर्ता खारेजीका लागि स्थायी लेखा नम्बरको सक्कल प्रमाणपत्र, अस्थायी दर्ता

भएको अवस्थाको कर चुक्ता प्रमाणपत्र र आयोजकको सिफारिस सहित निवेदन दिनु पर्नेछ।

[२९](५) उपनियम (४) बमोजिम निवेदन प्राप्त भएमा करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर विवरण तथा अन्य कागजात सम्बन्धित कर अधिकृतले जाँचबुझ गरी पन्ध्र दिनभित्र अस्थायी दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

[३०](६) उपनियम (२) बमोजिम निवेदकले राखेको धरौटी उपनियम (४) बमोजिम बुझाउनु पर्ने मूल्य अभिवृद्धि करमा मिलान गर्न पाउनेछ।

[३१](७) उपनियम (५) बमोजिम जाँचबुझ गर्दा थप कर निर्धारण हुन गएमा निवेदकलाई कर दाखिला गर्न तीन दिनको सूचना दिइनेछ। सो अवधिभित्र निवेदकले कर दाखिला नगरेमा निजले धरौटी राखेको रकमबाट असुल गरिनेछ र सो रकमबाट पनि नपुगेमा बाँकी रकम आयोजकबाट असुल गरिनेछ।

[३२]७ख. **<u>अभिलेख अद्यावधिक गर्ने अवधिः</u>** दर्ता भएका व्यक्तिले आफ्नो अभिलेख [३३]............ ऐनको दफा १०ग. बमोजिम बायोमेट्रिक प्रणालीमा अद्यावधिक गराउनु पर्नेछ।

८. **कारोबारको रकमको निर्धारणः** कारोबार दर्ता गर्ने प्रयोजनको निमित्त कुनै कारोबारको रकमको निर्धारण सो कारोबारको विगत बाह्र महिनाको खरिद वा बिक्री मूल्यमध्ये जुन बढी हुन्छ सोको आधारमा गरिनेछ। दर्ता भएको व्यक्तिले कारोबार रकम पुष्ट्याई गर्ने अभिलेख कारोबार स्थलमा राख्नु पर्नेछ र कर अधिकृतले मागेको बखत देखाउनु पर्नेछ।

९. **स्थान परिवर्तनको सूचना दिनु पर्नेः** (१) कुनै दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको स्थान परिवर्तन गर्नु पर्ने भएमा त्यस्तो परिवर्तन गर्नुभन्दा पन्ध्र दिन अगावै सो कुराको जानकारी सम्बन्धित कर अधिकृतलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित कर अधिकृतले परिवर्तन हुने कारोबार स्थान अर्को कर कार्यालयको कार्य क्षेत्रभित्र पर्ने देखेमा सम्बन्धित कार्यालयलाई सो कुराको जानकारी त्यस्तो सूचना पाएको मितिले सात दिनभित्र दिनु पर्नेछ।

१०. **कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन गर्न सूचना दिनु पर्नेः** (१) कुनै दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन गर्नुभन्दा पन्ध्र दिन अगावै सम्बन्धित कर अधिकृतलाई सो कुराको सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त गरेपछि सम्बन्धित कर अधिकृतले दर्ता भएको व्यक्तिको कारोबारको प्रकृति वा उद्देश्यलाई परिवर्तन गरी त्यसको जानकारी त्यस्तो दर्ता भएको व्यक्तिलाई दिनु पर्नेछ।

११. **कारोबारको हस्तान्तरणः** (१) कुनै दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै व्यक्तिलाई पूर्ण वा आंशिक रूपमा हस्तान्तरण गरेमा त्यसरी कारोबार हस्तान्तरण गरेको मितिले सात दिनभित्र अनुसूची–४ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरू खुलाई सो कुराको जानकारी सम्बन्धित कर अधिकृतलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कारोबारको हस्तान्तरण भएमा हस्तान्तरणका शर्तहरूका अधीनमा रही हस्तान्तरणकर्ताको हक, अधिकार तथा दायित्वहरू समेत हस्तान्तरण हुनेछ।

(३) सम्बन्धित कर अधिकृतले कारोबार हस्तान्तरणसँग सम्बन्धित दुवै पक्षलाई आफ्नो रोहवरमा राखी ऐन र यस नियमावली बमोजिम निजहरूले पूरा गर्नु पर्ने दायित्वका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु निजहरूको कर्तव्य हुनेछ।

[३४]१२. **दर्ता खारेजीको प्रक्रियाः** (१) ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्थाको कारणबाट कुनै दर्ता भएको व्यक्तिको दर्ता खारेज हुने भएमा त्यस्तो दर्ता भएको व्यक्ति वा निज नरहेको अवस्थामा निजको हकवालाले दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र दर्ता खारेज गर्नको लागि दर्ता खारेज हुने अवस्था खुलाई अनुसूची–११ बमोजिमको कर विवरण तथा बुझाउनु पर्ने कर रकम समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिएमा वा दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रही दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नु पर्ने कुरामा सम्बन्धित कर अधिकृत विश्वस्त भएमा बाँकी कर रकम बुझाउन लगाई त्यस्तो व्यक्तिको दर्ता खारेज गरी सो कुराको जानकारी सम्बन्धित दर्ता भएको व्यक्ति वा निजको हकवाला र विभागलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता खारेजीको लागि दरखास्त दिएपछि दर्ता खारेजीको जानकारी नभएसम्म वा ३ महिनासम्म कर विवरण पेश गर्नु पर्नेछ।

(३) दर्ता खारेजीको दरखास्त परेको मितिले ३ महिनाभित्र दर्ता खारेज भएको वा नहुने भए सो विषयको जानकारी दिनु सम्बन्धित कर अधिकृतको कर्तव्य हुनेछ।

[३५](४) मूल्य अभिवृद्धि करमा दर्ता भएको तर यो उपनियम प्रारम्भ भएपछि मूल्य अभिवृद्धि कर लाग्ने सीमाभन्दा घटी कारोबार भएको करदाताको

खारेजी तथा त्यस्ता करदाताको कर मिलान गर्न बाँकी रकम (क्रेडिट) को व्यवस्थापन महानिर्देशकले तोकेको प्रक्रिया बमोजिम हुनेछ।

१३. **दर्ता नम्बरको प्रयोगः** ऐनको दफा १० को उपदफा (६) मा उल्लिखित कारोबारहरूको अतिरिक्त दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बरको प्रयोग आफूले गर्ने कारोबारसँग सम्बन्धित देहायका कागजातहरूमा समेत गर्नु पर्नेछः–

(क) आयकर सम्बन्धी कागजातमा,

(ख) बैङ्क तथा वित्तीय संस्थाहरूमा व्यापारिक तथा औद्योगिक प्रयोजनको लागि एक लाख रुपैयाँभन्दा बढी ऋणको लागि दिइने निवेदन सम्बन्धी कागजातमा,

(ग) आयात तथा निर्यात सम्बन्धी कागजातमा।

१४. **प्रतिलिपि दिनेः** (१) दर्ता भएको व्यक्तिले नियम ५ बमोजिम प्राप्त गरेको कारोबार दर्ताको प्रमाणपत्र च्यातिएमा, हराएमा वा अन्य कुनै किसिमबाट नासिएमा त्यस्तो प्रमाणपत्रको प्रतिलिपि लिनको लागि प्रतिलिपि दस्तुर बापत लाग्ने एक सय रुपैयाँ समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित कर अधिकृतले कारोबार दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

[३६]१४क. **करपाटीको व्यवस्थाः** करदाताले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र कारोबार स्थलमा सबैले देख्न सक्ने गरी विभागले तोकेको ढाँचामा करपाटी राख्नु पर्नेछ।

[३७]१४ख. **कर सहितको मूल्य उल्लेख गर्नु पर्नेः** दर्ता भएको व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबारस्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राइस, मेनु प्राइस र सेल्फ प्राइस) मा कर सहितको मूल्य उल्लेख गर्नु पर्नेछ।

## परिच्छेद-३

## आपूर्ति स्थान र समय

१५. **वस्तुको आपूर्ति स्थानको निर्धारणः** देहायको स्थानलाई वस्तुको आपूर्ति भएको स्थान मानिनेछ,–

(क) बिक्री गरी हस्तान्तरण गरिएको चल वस्तुको आपूर्तिको स्थान जहाँ त्यस्तो वस्तु बिक्री गरिएको वा हस्तान्तरण गरिएको छ सोही ठाउँ,

(ख) स्वामित्व परिवर्तन गरिए पनि स्थान परिवर्तन गर्न नसकिने अचल वस्तुको सम्बन्धमा त्यस्तो वस्तु रहेको ठाउँ,

(ग) आयात गरिएको वस्तुको सम्बन्धमा त्यस्तो वस्तु नेपाल [३८]....... भित्र आयात गरिने नेपाल [३९]........ को भन्सार बिन्दु,

(घ) कुनै उत्पादक वा बिक्रेताले कुनै वस्तु स्वयं आफूलाई आपूर्ति गरेमा त्यस्तो वस्तुको उत्पादक वा बिक्रेता रहेको स्थान।

१६. **सेवाको आपूर्ति स्थानको निर्धारणः** सेवाको आपूर्ति स्थान सेवाबाट लाभ प्राप्त गर्ने ठाउँ हुनेछ।

[४०]१६क. **विद्युतीय सेवाको आपूर्ति स्थानः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामध्ये कुनै एक अवस्था पूरा भएमा गैरबासिन्दा व्यक्तिले उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको आपूर्तिको स्थान नेपाल मानिनेछः-

(क) नेपालभित्र सेवा प्राप्त गरेमा,

(ख) नेपालको ठेगानामा बीजक जारी गरेमा,

(ग) नेपालको बैङ्कमा भएको बैङ्क खाता र रकम भुक्तानीका लागि अनुमति प्राप्त संस्था तथा निकायबाट रकम भुक्तानी भएमा,

(घ) नेपालको बैङ्क तथा अनुमति प्राप्त भुक्तानी प्रदायक संस्था तथा निकायबाट जारी भएको डेबिट कार्ड, क्रेडिट कार्ड वा अन्य यस्तै कार्ड मार्फत भुक्तानी भएमा,

(ङ) नेपालभित्र भएको इन्टरनेट पहिचान ठेगाना (इन्टरनेट प्रोटोकल एड्रेस) प्रयोग गरी सेवा प्राप्त गरेमा,

(च) नेपालको कोड भएको सिम कार्ड वा नेपालको ल्याण्डलाईन [४१]....... प्रयोग गरी सेवा प्राप्त गरेमा।

## परिच्छेद-४

## बीजक तथा बजार मूल्य सम्बन्धी व्यवस्था

१७. **कर बीजकः** (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई [४२]अनुसूची–५ र ५क.

बमोजिमको ढाँचामा कर बीजक दिनु पर्नेछ। [43]त्यसरी कर बीजक जारी गर्दा कुनै वस्तुको किसिम, साइज, मोडल र ब्राण्ड भएमा सो खुलाउनु पर्नेछ।

[44](१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १४ को [45]उपदफा (६) बमोजिम वस्तु वा सेवाको बिक्री गर्दा अनुसूची–५ख. मा उल्लिखित विवरण बमोजिमको कर बीजक जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रापकलाई दिइने बीजकको मुखपृष्ठमा देखिने गरी प्रष्टसँग कर बीजक लेखिएको हुनु पर्नेछ। यस्तो कर बीजकको तीन प्रति तयार गरी त्यसको सक्कल प्रति प्रापकलाई दिने, दोस्रो प्रति कार्यालयले माग गरेका बखत पेश गर्ने गरी छुट्टै अभिलेख खडा गरी राख्ने र तेस्रो प्रति दर्ता भएको व्यक्तिले आफ्नो कारोबार प्रयोजनको निमित्त अभिलेख खडा गरी राख्ने व्यवस्था गर्नु पर्नेछ।

(३)[46]...................

(४)[47]..................

(५)[48]...................

१८. संक्षिप्त कर बीजकः (१) नियम १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दर्ता भएको व्यक्तिले [49]कुनै वस्तु वा सेवाको खुद्रा बिक्री गर्ने भएमा सोही कुरा खुलाई सम्बन्धित कर अधिकृत समक्ष निवेदन दिएमा त्यस्तो दर्ता भएको व्यक्तिले [50]कुनै वस्तु वा सेवाको खुद्रा बिक्री गर्दा नियम १७ मा उल्लेख भए बमोजिमको कर बीजकको सट्टा अनुसूची–६ बमोजिमको ढाँचामा प्रापकलाई संक्षिप्त कर बीजक दिनु पर्ने गरी अनुमति दिन सक्नेछ।

(२) कम मोल पर्ने धेरै वस्तुहरू बिक्री गरिएको रहेछ भने उपनियम (१) बमोजिम दिइने संक्षिप्त कर बीजकमा सबै वस्तुहरूको छुट्टाछुट्टै नाम उल्लेख [51]गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम वस्तु खरिद गरी संक्षिप्त कर बीजक लिने प्रापकले ऐनको दफा १७ बमोजिम कर कट्टी गर्न पाउने छैन।

(४) उपनियम (१) बमोजिम प्रापकलाई संक्षिप्त कर बीजक दिने दर्ता भएको व्यक्तिले सो कुराको अभिलेख देहाय बमोजिम राख्नु पर्नेछः–

(क) सक्कल बीजकको नक्कल प्रति तयार गरी राख्नु पर्ने,

(ख) टिलरोलको प्रतिलिपि राखी कारोबार गरिएकोमा प्रत्येक दिन सोको जोड गरी राख्नु पर्ने,

(ग) प्रत्येक कारोबारको कर समेतको मूल्यको अभिलेख राख्ने।

(५) उपनियम (४) बमोजिम दर्ता भएको व्यक्तिले राख्नु पर्ने अभिलेख राखेको नपाइएमा कर अधिकृतले उपनियम (१) बमोजिम संक्षिप्त कर बीजक जारी गर्न दिएको अनुमति खारेज गर्न सक्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि [५२]दश हजार रुपैयाँभन्दा बढी मूल्यको कारोबार भएको रहेछ भने यस नियम बमोजिम संक्षिप्त कर बीजक जारी गर्न पाइने छैन र सोभन्दा कम रकमको कारोबार भएको भए तापनि नियम १७ बमोजिमको कर बीजकको माग गर्ने प्रापकलाई सोही बमोजिमको कर बीजक उपलब्ध गराउने कर्तव्य दर्ता भएको व्यक्तिको हुनेछ।

[५३].............

(७) संक्षिप्त कर बीजकबाट करको कुल अङ्क बीजक मूल्यलाई कर भिन्नले गुणन गरी निकालिनेछ।

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागि “कर भिन्न” भन्नाले

$$\frac{\text{करको दर}}{\text{करको दर} + १००}$$ को योगलाई जनाउँछ।

[५४]१८क. **क्याश मेशिन वा [५५]विद्युतीय माध्यमबाट बीजक जारी गर्नु पर्ने:** विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नु पर्ने गरी तोक्न सक्नेछ र त्यसरी तोकिएकोमा त्यस्तो करदाताले कारोबार गर्दा क्याश मेशिनको प्रयोग गरी बीजक जारी गर्नु पर्नेछ।

तर [५६]विद्युतीय माध्यमबाट बीजक जारी गर्न स्वीकृति प्राप्त करदाताले सोही बमोजिम बीजक जारी गर्नु पर्नेछ।

१९. [५७]...........

२०. **क्रेडिट वा डेबिट नोटः** (१) दर्ता भएको व्यक्तिले आपूर्ति गरेको वस्तु वा सेवाको मूल्यमा परिवर्तन भई क्रेडिट वा डेबिट नोट जारी गर्नु परेमा त्यस्तो नोटमा स्पष्टसँग क्रेडिट वा डेबिट नोट लेखी देहायका कुराहरू समेत खुलाउनु पर्नेछः–

(क) क्रमागत सङ्ख्या,

(ख) जारी भएको मिति,

(ग) आपूर्तिकर्ताको नाम, ठेगाना र दर्ता नम्बर,

(घ) प्रापकको नाम, ठेगाना र निज दर्ता भएको व्यक्ति भएमा दर्ता नम्बर,

(ङ) कारोबारसँग सम्बन्धित कर बीजकको सङ्ख्या र मिति,

(च) वस्तु वा सेवाको विवरण र क्रेडिट वा डेबिटको कारण,

(छ) क्रेडिट वा डेबिट भएको रकम,

(ज) क्रेडिट वा डेबिट भएको करको रकम।

(२) दर्ता भएको करदाताले उपनियम (१) बमोजिमको क्रेडिट वा डेबिट नोटको मासिक लेखा राख्नु पर्नेछ।

२१. <u>विदेशी मुद्रामा भुक्तानी भएमा:</u> आपूर्तिकर्ताले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा त्यसको प्रतिफल बापत प्रापकबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी लिई कर बीजक दिँदा कारोबार भएको दिनको नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा बराबर हुने नेपाली रुपैयाँको रकम कर बीजकमा उल्लेख गरी बीजक दिनु पर्नेछ।

२२. <u>बजार मूल्य निर्धारण प्रक्रिया:</u> (१) ऐनको दफा १३ बमोजिम बजार मूल्य निर्धारण गर्नु पर्दा कर अधिकृतले समान प्रकारको कारोबारको सम्बन्धमा दर्ता भएका अन्य समान बिक्रेताहरूको कारोबार तथा मूल्य अध्ययन गरी बजार मूल्यको निर्धारण गर्नेछ।

(२) ऐनको दफा १३ को उपदफा (३) मा उल्लेख भए बमोजिम कुनै वस्तु वा सेवाको बजार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा महानिर्देशकले तत्सम्बन्धमा समान प्रकारका दर्ता भएका व्यक्तिहरूबाट आफूलाई प्राप्त भएको जानकारी समेतका आधारमा मूल्य निर्धारण गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>कारोबारको अभिलेख</u>

२३. <u>अभिलेख राख्नु पर्ने:</u> (१) दर्ता भएको व्यक्तिले ऐन र यस नियमावलीको प्रयोजनको निमित्त देहायका सूचना, कागजात तथा विवरणहरूको अभिलेख राख्नु पर्नेछ:–

(क) अनुसूची–७ बमोजिमका सूचनाहरू,

(ख) व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख,

(ग) आफूले जारी गरेका कर बीजक तथा संक्षिप्त कर बीजकहरू,

(घ) आफूले प्राप्त गरेका कर बीजक तथा संक्षिप्त कर बीजकहरू,

(ङ) आफूले गरेको आयात र निर्यातसँग सम्बन्धित सम्पूर्ण कागजातहरू,

(च) आफूले खरिद र बिक्री गरेका वस्तु तथा सेवाको मूल्यमा घटबढ भएको प्रमाणित गर्ने सम्पूर्ण डेबिट तथा क्रेडिट नोट र अन्य तत्सम्बन्धी कागजातहरू,

[५८](छ) अनुसूची–८ बमोजिमको खरिद खाता,

[५९](ज) अनुसूची–९ बमोजिमको बिक्री खाता।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रकारको व्यापार वा व्यवसायका निमित्त उक्त उपनियममा उल्लेख भएकामध्ये कुनै अभिलेखहरू मात्र दर्ता भएको व्यक्तिले अभिलेखको रूपमा राख्नु पर्ने गरी विभागले तोक्न सक्नेछ।

(३) दर्ता भएको व्यक्तिले यस नियम बमोजिम राख्नु पर्ने अभिलेखहरू विभागको अनुमति लिई कम्प्युटर वा यस्तै अन्य यान्त्रिक प्रणाली वा विभागले तोकिदिए बमोजिमको तरिका अपनाई राख्न सक्नेछ।

(४) यस नियम बमोजिम दर्ता भएको व्यक्तिले राखेको अभिलेख कर अधिकृतले कारोबार समयमा जुनसुकै बखत हेर्न सक्नेछ।

<u>स्पष्टीकरण:</u> यस नियमको प्रयोजनको लागि "कारोबार समय" भन्नाले सार्वजनिक बिदा बाहेक कारोबार खुल्ने तथा बन्द हुने समयको बीचको अवधि सम्झनु पर्छ।

(५) उपनियम (४) बमोजिम कर अधिकृतले अभिलेख जाँच गर्ने सिलसिलामा मागेको अभिलेखसँग सम्बन्धित विवरण तथा कागजात दर्ता भएको व्यक्तिले आफ्नै खर्चमा मुद्रण गरी उपलब्ध गराउनु पर्नेछ।

(६) उपनियम (४) बमोजिम कर अधिकृतले अभिलेख जाँच गर्दा निजलाई सहयोग पुऱ्याउनको निमित्त आवश्यक कर्मचारीहरू उपलब्ध गराउने कर्तव्य दर्ता भएको व्यक्तिको हुनेछ।

(७) यस नियम बमोजिम राखिएका अभिलेखहरू दर्ता भएको व्यक्तिले ६ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

२४. नमूनाको लागि वितरण गरिएको वा बिना मूल्यमा प्राप्त वस्तुको विवरणः नियम २३ मा उल्लिखित अभिलेखहरूका अतिरिक्त दर्ता भएको व्यक्तिले कारोबारसँग सम्बन्धित देहायका विवरणहरू समेत राख्नु पर्नेछः–

(क) व्यवसाय प्रवर्द्धनको लागि नमूनाको रूपमा [६०] प्राप्त भएका तथा वितरण गरिएको वस्तुको विवरण।

(ख) बिना मूल्य प्राप्त भएका [६१]तथा वितरण गरिएका वस्तुको विवरण।

[६२]२५. खरिद तथा बिक्री खाता प्रमाणित सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा १६ को उपदफा (३) बमोजिम खरिद तथा बिक्री कारोबारको प्रत्येक कर अवधिको अभिलेख करदाता स्वयंले प्रमाणित गरेको खरिद तथा बिक्री खातामा राख्नु पर्नेछ।

(२) विद्युतीय माध्यमबाट बीजक जारी गर्न अनुमति लिएको करदाता वा विभागले तोकेको अन्य करदाताले नियम २६ बमोजिम प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा खरिद तथा बिक्री कारोबारको विवरण विभागले तोकेको ढाँचामा विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ।

## परिच्छेद-६

## कर विवरण तथा सङ्कलन

२६. कर अवधिको कर विवरण पेश गर्नु पर्नेः (१) दर्ता भएको व्यक्तिले विक्रम संवत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

[६३]............

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दर्ता भएको व्यक्तिले आफ्नो लेखा कम्प्युटर प्रणालीमा राखेको कारणले उपनियम (१)

मा उल्लिखित कर अवधिको सट्टा छुट्टै कर अवधि कायम गरी पाउन कर अधिकृत समक्ष निवेदन दिएमा कर अधिकृतले जाँचबुझ गरी उपयुक्त देखेमा त्यस्तो दर्ता भएको व्यक्तिको हकमा आवश्यकता अनुरूप छुट्टै कर अवधि कायम गरिदिन सक्नेछ।

[६४](३) ............

[६५](३क) ..........

[६६](३ख) छापा, विद्युतीय, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह र वार्षिक एक करोड रूपैयाँसम्मको कारोबार गर्ने करदाताले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ।

(४) यसरी एक महिनाभन्दा घटी वा बढी कर अवधि कायम गरिएको दर्ता भएको व्यक्तिले सो अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(५) पहिलो पटक कर विवरण पेश गर्दा दर्ता भएको व्यक्तिले कर अवधिको बाँकी अवधिलाई कर अवधि मानी सोही अवधिको कर विवरण पेश गर्नु पर्नेछ।

२७. <u>हकवाला वा कानूनी प्रतिनिधिबाट कर विवरण पेश गर्न लगाउन सकिने:</u> दर्ता भएको व्यक्तिको मृत्यु हुन गएमा वा निज कर विवरण पेश गर्न शारीरिक वा मानसिक रूपमा असक्षम भएमा निजको मृत्यु भएको वा निज शारीरिक वा मानसिक रूपमा असक्षम भएको अघिल्लो दिनसम्मको अवधिसम्म निजले वस्तु वा सेवाको आपूर्ति गरेको अवधि मानी कर अधिकृतले सो अवधिको कर विवरण निजको हकवाला वा कानूनी प्रतिनिधिलाई पेश गर्न लगाउन सक्नेछ।

२८. <u>एक्लै वा संयुक्त रूपमा कर विवरण पेश गर्नु पर्ने:</u> देहायको अवस्थामा देहायका व्यक्तिले एक्लै वा संयुक्त रूपमा कर विवरण पेश गर्नु पर्नेछः-

(क) कुनै करदाता कर विवरण पेश गर्न असक्षम भएमा वा निजको मृत्यु भएमा निजको हकवाला वा संरक्षकले,

(ख) करदाता कानूनी व्यक्ति भएमा त्यस्तो करदाताको तर्फबाट कुनै सञ्चालक, कार्यकारी प्रमुख वा व्यवस्थापनले तोकेको कुनै कर्मचारीले,

(ग) करदाता कानूनी व्यक्ति भएमा र त्यस्तो कानूनी व्यक्ति खारेज वा विघटन भएमा लिक्विडेटरले,

(घ) माथि उल्लेख भएको अवस्था बाहेक अन्य अवस्थामा कर अधिकृतले तोकेको करदातासँग सरोकार राख्ने व्यक्तिले।

**परिच्छेद-७**

**करको निर्धारण र असुल उपर**

२९. **कर अधिकृतले कर निर्धारण गर्न सक्नेः** (१) ऐनको दफा २० को उपदफा (१) मा उल्लिखित अवस्था परी सोही दफाको उपदफा (२) बमोजिमका आधारहरूका अतिरिक्त बजार मूल्य वा कर निर्धारण गरिनु पर्ने कारोबारसँग सम्बन्धित अन्य कुनै सूचना वा जानकारीका आधारमा समेत कर अधिकृतले कर निर्धारण गरी अनुसूची-१२ को ढाँचामा कर निर्धारण आदेश जारी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कर अधिकृतले जारी गरेको कर निर्धारण आदेश उपर आफ्नो सफाइमा प्रमाण पेश गर्न सम्बन्धित करदातालाई [६७]पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र सम्बन्धित करदाताबाट सफाइमा पेश हुन आएको प्रमाणहरू उपयुक्त देखेमा सोही आधारमा कर अधिकृतले उपनियम (१) बमोजिम कर निर्धारण गरी कर निर्धारण आदेश जारी गर्नु पर्नेछ। यसरी कर निर्धारण आदेश जारी गर्दा सो आदेशमा आदेश जारी भएको मितिसम्म ऐनको दफा १९ को उपदफा (२) [६८]..... बमोजिम लाग्ने थप दस्तुर र दफा २६ बमोजिम लाग्ने ब्याजको रकम समेत समावेश गर्नु पर्नेछ।

स्पष्टीकरणः ब्याजको गणना गर्दा प्रति महिना बाह्र खण्डको एक खण्डको आधारमा गरिनेछ।

[६९]३०. **कर, जरिवाना, थप दस्तुर र ब्याजको रकम बुझाउनु पर्नेः** नियम २९ बमोजिम जारी भएको कर निर्धारण आदेश बमोजिमको रकम सम्बन्धित करदाताले त्यस्तो आदेशमा उल्लिखित मितिभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ।

[७०]३१. **कागजातको तामेलीः** (१) ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै पनि कागजात देहायको अवस्थामा सो व्यक्तिलाई रीतपूर्वक दिएको वा बुझाएको मानिनेछः–

(क) कुनै व्यक्तिको ठेगानामा फ्याक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत पठाएको,

(ख) व्यक्तिगत रुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, वा

(ग) व्यक्तिको थाहा भएसम्मको आवास, कार्यालय, व्यवसाय वा अन्य ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको।

(२) विभागको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस नियम बमोजिम तामेल गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

(३) उपनियम (१) र (२) बमोजिम कागजात तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सकिनेछ। त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ।

३२. **दर्ता नभएको व्यक्तिले उठाएको करको निर्धारण र असुली:** (१) दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५ को उपदफा (२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई करको निर्धारण गरिनेछ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको व्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले [७१]पन्ध्र दिनभित्र बुझाउनु पर्नेछ।

३३. **प्रयोग भइसकेका वस्तुहरूको कर निर्धारण तरिका:** (१) प्रयोग भइसकेका वस्तुहरूको कर निर्धारण त्यस्ता वस्तुहरूको बिक्री मूल्य र खरिद मूल्य बीचको बचतमा मात्र गरिनेछ। त्यस्ता वस्तुको बिक्रेताले देहाय बमोजिमका स्थायी अभिलेख त्यस्ता वस्तु खरिद वा बिक्री गर्दाकै अवस्थामा तयार गरी राख्नु पर्नेछः-

(क) खरिद सम्बन्धी:

(अ) खरिद मिति,

(आ) वस्तुको पूर्ण जानकारी हुने किसिमको व्यहोराको उल्लेख,

(इ) कर बाहेकको खरिद मूल्य,

(ई) करको दर,

(उ) करको रकम,

(ऊ) तिरेको कुल रकम।

(ख) बिक्री सम्बन्धीः

(अ) बिक्री भएको मिति,

(आ) कर बाहेकको बिक्री मूल्य,

(इ) खरिद मूल्य र बिक्री मूल्य बीचको फरक,

(ई) करको दर,

(उ) करको रकम,

(ऊ) प्राप्त गरेको कुल रकम।

(२) उपनियम (१) मा उल्लेख गरेको खरिद मूल्य भन्नाले कर सहितको मूल्यलाई जनाउनेछ।

[७२](३) प्रयोग भइसकेका प्रत्येक वस्तुहरू बिक्री गर्दा बीजक जारी गरी खरिद र बिक्रीको छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ।

(४) दर्ता भएको व्यक्तिले उपनियम (१), (२) र (३) मा उल्लेख भएको अभिलेख सन्तोषजनक ढङ्गले राखेको नपाइएमा त्यस्तो करदाताले बिक्री गरेको कुल बिक्री मूल्यमा कर लगाई अर्को कर विवरणसँगै त्यस्तो कर दाखिल गर्ने गरी कर अधिकृतले लिखित आदेश दिन सक्नेछ।

३४. **पुनरावेदन दिनुअघि कर विवरण पेश गर्नु पर्नेः** नियम २९ बमोजिम गरिएको कर निर्धारण उपर करदाताले पुनरावेदन दिनुअघि आफ्नो सो अवधिको कर विवरण सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

३५. **काबु बाहिरको परिस्थितिः** (१) ऐनको दफा १९ को उपदफा (४) को प्रयोजनको लागि देहायको अवस्थालाई काबु बाहिरको परिस्थिति मानिनेछः-

(क) कर बुझाउनु पर्ने व्यक्ति बिरामी परी अशक्त भएमा निको भएको मितिले सात दिनसम्म,

(ख) कर बुझाउनु पर्ने व्यक्तिले क्रिया बस्नु परेमा क्रिया समाप्त भएको मितिले सात दिनसम्म,

(ग) कर बुझाउनु पर्ने स्वास्नीमानिस सुत्केरी भएमा सुत्केरी भएको मितिले पैंतीस दिनसम्म,

(घ) कर बुझाउनु पर्ने व्यक्तिको मृत्यु भएमा वा बहुलाएमा वा बेपत्ता भएमा त्यस्तो भएको मितिले पैंतीस दिनभित्र निजको हकवाला वा संरक्षकले निवेदन गरेमा त्यस्तो निवेदन प्राप्त भएको मितिले सात दिनसम्म,

(ङ) बाढी, पहिरो, हिउँ वा अन्य त्यस्तै कारणबाट बाटो बन्द भई आन्तरिक राजस्व कार्यालयमा आउन नसकेको अवस्थामा बाटो खुलेको मितिले सात दिनसम्म,

(च) यातायातको साधन पूर्ण रूपमा बन्द भई आउन नसक्ने अवस्था भएमा त्यस्तो बन्द समाप्त भएको भोलिपल्टसम्म,

[७३](छ) आगलागी, भूकम्प जस्ता दैवी विपत्तिका कारण काबु बाहिरको परिस्थिति सिर्जना भएमा सो विपत्ति परेको मितिले तीस दिनसम्म।

(२) उपनियम (१) को खण्ड (ख), (ग), [७४](घ), (ङ) र (छ) मा उल्लेख भए बमोजिम काबु बाहिरको परिस्थिति परी थप म्याद माग्नु परेमा सम्बन्धित [७५]गाउँपालिका वा नगरपालिकाको सिफारिस समेत पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) को खण्ड (च) मा उल्लेख भए बमोजिमको अवस्था परी थप म्याद माग्न आउँदा जुन ठाउँमा यातायातको साधन बन्द भएको हो सो ठाउँसँग सम्बन्धित [७६]गाउँपालिका वा नगरपालिकाको सिफारिस समेत पेश गर्नु पर्नेछ।

३६. **थप दस्तुर मिनाहाको लागि निवेदन दिने म्यादः** (१) ऐनको दफा १९ को उपदफा (४) बमोजिम थप दस्तुर मिनाहाको लागि कर तिर्नु पर्ने म्याद भुक्तान भएको

मितिले तीस दिनभित्र महानिर्देशक समक्ष अनुसूची–१३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र निवेदन नदिएमा थप दस्तुर मिनाहा दिइने छैन।

३७. **कर निर्धारणको अवधिः** ऐनको दफा २० को उपदफा (४) बमोजिमको अवधि गणना गर्दा करको सम्बन्धमा कुनै अदालतमा निवेदन परी स्थगन आदेश जारी भएको अवस्थामा सोको निर्णय नभएसम्मको अवधि कटाई गणना गरिनेछ।

३८. [७७] .........

## परिच्छेद-८

## कर कट्टी तथा कर फिर्ता सम्बन्धी व्यवस्था

३९. **कर कट्टी गर्न पाइनेः** (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा सङ्कलन गरेको करबाट सो महिना वा सोभन्दा अगाडि आफ्नो कर लाग्ने वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको कर देहायको अवस्थामा कट्टी गर्न पाउनेछः-

(क) कर कट्टी दाबी गरिएको वस्तु वा सेवा करयोग्य व्यवसायसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएमा।

(ख) आन्तरिक खरिद गरिएको भए नियम १७ बमोजिमको कर बीजक प्राप्त गरेको भएमा।

(ग) आयात गरिएको भए आयात गर्दा कर तिरेको प्रमाणित गर्ने आयात सम्बन्धी कागजातहरू भएमा।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "आयात सम्बन्धी कागजातहरू" भन्नाले प्रज्ञापनपत्र, नगदी रसिद, सामानको बीजक [७८]तथा भन्सारको बाटो भई आयात नहुने सेवाको आपूर्तिको हकमा सेवाको बीजक र विभागले समय समयमा तोकेको तत्सम्बन्धी अन्य कागजातहरू सम्झनु पर्छ।

(२) यस नियम बमोजिम कर कट्टी गर्दा एक पटक मात्र गर्न पाइनेछ। यसरी कर कट्टी गर्दा दाबी गरिएको मितिभन्दा एक वर्ष अगाडिसम्मको बीजक वा आयातसँग सम्बन्धित कागजातहरू हुनु पर्नेछ।

(३) दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा निजले वस्तु बिक्री गर्दा सङ्कलन गरेको करबाट वस्तु खरिद वा आयात गर्दा

तिरेको कर कटाई बाँकी रहेको रकम कर विवरण साथ कर कार्यालयमा दाखिल गर्नु पर्नेछ।

(४) दर्ता भएको व्यक्तिले खरिद वा आयात गर्दा तिरेको कर रकम निजले बिक्री गर्दा सङ्कलन गरेको रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको जति रकम अर्को कर अवधिमा कट्टी गर्न पाउनेछ। यसरी अर्को कर अवधिमा कट्टी गर्न पाउने रकम लगातार [७९]चार महिनासम्म बाँकी रहेमा एकमुष्ट फिर्ता पाउन निजले [८०]अनुसूची–१० बमोजिमको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। यस्तो दरखास्त प्राप्त भएपछि कर अधिकृतले नियम ४५ बमोजिम बाँकी कर फिर्ता दिनु पर्नेछ।

(५) दर्ता भएको व्यक्तिले कुनै महिनामा बिक्री गरेको कुल मासिक बिक्रीको [८१]चालीस प्रतिशतभन्दा बढी निर्यात गरेमा सो महिनाका लागि बढी भएको कट्टी गर्नु पर्ने कर फिर्ता पाउन निजले [८२]अनुसूची–१० बमोजिमको ढाँचामा निर्यातसँग सम्बन्धित आवश्यक कागजातहरू समेत संलग्न राखी कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। कर अधिकृतले त्यस्तो दरखास्त प्राप्त गरेपछि नियम ४५ बमोजिम बाँकी कर फिर्ता दिनु पर्नेछ। यसरी बाँकी कर फिर्ता दिने निर्णय गर्दा कर अधिकृतले देहायका कुराहरूमा ध्यान दिनु पर्नेछः-

(क) खरिद वा आयातमा कर तिरेको छ छैन।

(ख) पहिले पेश गर्नु पर्ने कर विवरण पेश गरेको छ छैन र पेश गरेको भए त्यस्तो कर विवरणबाट कर फिर्ताको दाबी पुष्टि हुन्छ, हुँदैन।

[८३]स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "निर्यातसँग सम्बन्धित कागजातहरू" भन्नाले वस्तु विनिमयको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, प्रतितपत्र र आयात प्रमाणपत्र र निर्यातको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, भुक्तानी प्रमाणपत्र र प्रतितपत्र सम्झनु पर्छ।

[८४]३९क. **नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्नेः** (१) देहायका अवस्था परी कुनै वस्तुको हानि नोक्सानी भएमा त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि देहाय बमोजिमको अवधिभित्र कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

(क) आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानि नोक्सानी भएमा त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र।

(ख) उपयोग गर्ने म्याद सकिएको वस्तुको हकमा साउनदेखि असोजसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको कार्तिक पच्चीस गतेभित्र, कार्तिकदेखि पुससम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको माघ पच्चीस गतेभित्र, माघदेखि चैतसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको वैशाख पच्चीस गतेभित्र र वैशाखदेखि असारसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको साउन पच्चीस गतेभित्र।

(२) उपनियम (१) बमोजिम परेको निवेदन छानबिन गर्दा [८५]हानि नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको देखिएमा कर अधिकृतले त्यस्तो हानि नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको वस्तुमा तिरेको कर कट्टी गर्न दिन सक्नेछ।

तर बीमा गरिएको वस्तुको हकमा क्षतिपूर्ति प्राप्त गरेको हदसम्म हुने रकम करदाता स्वयंले कर कट्टी गर्न सक्नेछ।

४०. कर कट्टी सम्बन्धी अन्य व्यवस्थाः (१) कर कट्टी गरिएको वस्तुहरू स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरू कर अधिकृतले हेर्न चाहे वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनु पर्नेछ। कर अधिकृतले त्यस्ता वस्तुहरू हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरू कर लाग्ने कारोबारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरू प्रचलित बजार मूल्यमा बिक्री भएको मानिनेछ।

(२) उपनियम (१) बमोजिम बिक्री भएका वस्तुहरूमा लाग्ने कर दाखिल गर्न सम्बन्धित करदातालाई कर अधिकृतले आदेश दिन सक्नेछ। त्यस्तो कर रकम कर अधिकृतले तोकेको महिनाको कर विवरणसँग दाखिल गर्नु पर्नेछ।

तर कर अधिकृतको विचारमा त्यस्तो कर तत्काल असुल नगरे असुल हुन नसक्ने अवस्था छ भने तुरुन्त करदाताबाट दाखिल गर्न लगाउन सक्नेछ।

(३) कुनै करदाताले करलाग्ने वस्तु वा सेवा तथा कर छुट भएका वस्तु वा सेवा दुवैको कारोबार गरेको रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु वा

सेवासँग प्रत्यक्ष रूपमा सम्बन्धित खरिद वा आयातमा तिरेको कर मात्र कट्टी गर्न पाउनेछ।

(४) कर लाग्ने वा कर छुट भएको दुवै प्रकारका वस्तु वा सेवाको कारोबार गर्ने करदाताले उपनियम (३) बमोजिम कर लाग्ने वस्तु वा सेवाको बिक्रीसँग खरिद वा आयात भएका वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले बिक्री गरेको कुल मूल्यमध्ये कर लाग्ने कारोबारको मूल्यको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम करको गणना गर्दा समानुपातिक रूपमा गणना हुन नसक्ने भन्ने कर अधिकृतलाई लागेमा निजले अर्को वैकल्पिक तरिकाद्वारा गणना गर्न विभागसँग निर्देशन माग गर्न सक्नेछ।

४१. <u>कर कट्टी गर्न नपाइने वस्तु वा सेवाहरूः</u> (१) ऐनको दफा १७ को प्रयोजनको लागि देहायका वस्तु वा सेवाहरूको हकमा कर कट्टी गर्न पाइने छैनः-

(क) पेय पदार्थ,

(ख) अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी, बियर,

[८६](ग) सवारी साधनको लागि पेट्रोल,

(घ) मनोरञ्जन खर्च,

(२) देहायका वस्तुहरूमा देहाय बमोजिम अनुपातमा कर कट्टी गर्न पाइनेछः-

(क) [८७]..........

(ख) अटोमोबाइल्समा खरिद मूल्यको ४० प्रतिशत।

(ग) [८८]...........

<u>स्पष्टीकरणः</u> खण्ड (ख) को प्रयोजनको लागि "अटोमोबाइल्स" भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पाङ्ग्रा भएको सडकमा गुड्ने यात्रुबाहक सवारीको साधन सम्झनु पर्छ।

(३) दर्ता भएको व्यक्तिले उपनियम (१) वा (२) को आपूर्ति गर्ने कार्य नै मुख्य रूपमा गर्ने भएमा यस नियमावलीमा व्यवस्थित प्रक्रिया बमोजिम कर कट्टी गर्न बाधा पर्ने छैन।

४२. **बिक्री कर कट्टी सम्बन्धी व्यवस्थाः** ऐन प्रारम्भ हुनुभन्दा अगाडि देहाय बमोजिमका मौज्दातमा रहेका वस्तुहरूमा तिरेको बिक्री कर मात्र कट्टी गर्न पाइनेछः–

(क) पुनः बिक्रीको लागि करदाताले ल्याएका वस्तुहरूमा,

(ख) व्यापारको लागि आंशिक रूपमा उत्पादित तथा सहउत्पादित वस्तुहरू तथा सेवाहरूमा,

(ग) कच्चा पदार्थ, सहायक कच्चा पदार्थहरू र प्याकिङ्ग वस्तुहरूमा।

[८९]४३. **निवेदन दिनु पर्नेः** (१) करदाताले कर कट्टीको लागि दर्ता भएको पन्ध्र दिनभित्र अनुसूची-१६ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछः–

(क) दर्ता हुँदाका बखत मौज्दात रहेको भए सामानको विवरण,

(ख) दर्ता हुनुभन्दा एक वर्ष अधिसम्मका कर बीजक र प्रज्ञापनपत्र भए तत्सम्बन्धी विवरण,

(ग) अन्य आवश्यक प्रमाण।

(३) उपनियम (१) बमोजिमको दाबी कर अधिकृतद्वारा स्वीकृत भएमा सम्बन्धित करदाताले नियम ३९ को उपनियम (४) बमोजिम कट्टी गर्न पाउने छ।

(४) उपनियम (१) बमोजिमको दाबी गरिएको कर पहिला नै कट्टा गरिएको पाइएमा ऐन र यस नियमावली बमोजिम कर अधिकृतले त्यस्तो करदातालाई कारबाही गर्न सक्नेछ।

४४. **प्रयोग भइसकेका वस्तुहरूको कर कट्टी सम्बन्धी व्यवस्थाः** ऐनको दफा १७ को उपदफा (५) को प्रयोजनको लागि प्रयोग भइसकेका वस्तुहरूमध्ये दर्ता नभएको व्यक्तिसँग खरिद गरेका वस्तुहरू र दर्ता भएको व्यक्ति भए पनि ऐनको दफा १७ मा परेका र व्यक्तिगत प्रयोगमा समेत ल्याइएका वस्तुहरूको खरिदमा तिरेको कर कट्टी गर्न पाइने छैन।

४५. **कर फिर्ता सम्बन्धी व्यवस्थाः** [९०](१) ऐनको दफा २४ को उपदफा (३) र (४), दफा २५, दफा २५ग१. वा दफा २५ग२. को प्रयोजनको लागि कर फिर्ता दिँदा

कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएका प्रमाणहरू तुरुन्त छानबिन गरी दर्ता भएको मितिले दफा २४ को उपदफा (३) वा दफा २५ग१. को हकमा साठी दिनभित्र र दफा २४ को उपदफा (४), दफा २५ वा दफा २५ग२. को हकमा तीस दिनभित्र फिर्ता दिनु पर्नेछ।

(२) [९१]ऐनको [९२]दफा २४ को उपदफा (३), दफा २५, दफा २५ग१. वा दफा २५ग२. बमोजिम प्राप्त हुन आएको प्रमाणहरू पुनः छानबिन गर्नु पर्ने आवश्यकता भए सो अविलम्ब गरी पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ। फिर्ता दिँदा बीस हजार रुपैयाँभन्दा बढी भएमा निजको बैङ्क खातामा नै जम्मा हुने गरी भुक्तानी गर्नु पर्नेछ।

[९३](२क) ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) र (क१) बमोजिमका कूटनीतिक नियोग तथा कूटनीतिज्ञले कर फिर्ता प्रयोजनका लागि विभागमा सूचीकृत भएका फर्म तथा कम्पनी (रिफण्ड सप) बाट खरिद गरिएको वस्तु तथा सेवामा तिरेको कर विभागले तोकेको प्रक्रिया बमोजिम तीन दिनभित्र फिर्ता गरिनेछ।

[९४](३) ऐनको दफा २५ को उपदफा (१) को प्रयोजनको लागि दर्ता नभएको व्यक्तिले कर फिर्ता माग गर्दा सोही उपदफाको खण्ड (क) र (क१) को प्रयोजनको लागि अनुसूची-१७, खण्ड (क२) को प्रयोजनको लागि अनुसूची-१७क., खण्ड (ख) र (ग) को प्रयोजनका लागि अनुसूची-१८ र ऐनको दफा २५ग२. को प्रयोजनको लागि अनुसूची-१८क. को ढाँचामा विभागमा निवेदन दिन सक्नेछ।

[९५](४) ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क), (क१) र (क२) बमोजिमको कर फिर्ता विद्युतीय माध्यमबाट स्वचालित रूपमा गरिनेछ। यस सम्बन्धी कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।

४६. **फिर्ता नहुने:** ऐन र यस नियमावली बमोजिम [९६].......... नक्कल लिनु पर्ने निर्णय आदेश, फैसला, पर्चा वा अन्य कागजातहरू लेखा अवधि समाप्त भएको मितिले तीन वर्षभित्र निवेदन नदिएमा दिइने छैन।

[९७]४७ **ब्याजको दर:** ऐनको दफा २४ को उपदफा (५) को प्रयोजनको लागि नेपाल सरकारले दिने ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ। यस्तो ब्याज रकम ऐनको दफा २४ को उपदफा (३) र (४) बमोजिम फिर्ता माग गरेको मितिले साठी दिन पछि मात्र गणना गरिनेछ।

## परिच्छेद-९

## आयात निर्यात सम्बन्धी व्यवस्था

४८. **आयातमा कर लाग्नेः** (१) नेपाल [९८]..... भित्र आयात हुने [९९]वस्तु वा सेवामा नेपालभित्र आपूर्ति भएको [१००]वस्तु वा सेवामा लाग्ने दरले कर लाग्नेछ।

(२) आयात हुने वस्तु वा सेवामा कर निर्धारण गर्ने प्रयोजनको लागि मूल्य कायम गर्दा ऐनको दफा १२ को उपदफा (५) र (६) बमोजिमको प्रक्रिया अपनाई मूल्य कायम गरिनेछ।

(३) आयात भएको वस्तुको मूल्य आयात हुँदाका अवस्थामा कायम गर्न नसकिएमा त्यस्ता वस्तुहरूमा लाग्ने सबै प्रकारका कर वा महसुललाई पुग्ने गरी धरौटी लिएर मात्र त्यस्ता वस्तु नेपाल [१०१]........... भित्र ल्याउने अनुमति दिइनेछ। दर्ता भएको व्यक्तिले आयात गरेको वस्तु वा सेवाको मूल्य कायम नभएसम्म त्यस्तो वस्तु वा सेवामा तिरेको कर कट्टी गर्न पाउने छैन।

(४) कुनै वस्तु आयात गर्दा धरौटी राखी आयात गरिएको भए मूल्य यकिन भएको मितिले एक वर्षसम्म मात्र कर कट्टी दाबी गर्न सकिनेछ।

४९. **अस्थायी आयात सम्बन्धी व्यवस्थाः** (१) भन्सार महसुल नलाग्ने गरी पछि फिर्ता हुने शर्तमा आयात भएका वस्तुहरूमा भन्सारले कायम गरेको अनुमानित मूल्यका आधारमा पछि माल वा वस्तु फिर्ता भएपछि धरौटी रकम फिर्ता हुने गरी लाग्ने कर बापत धरौटी लिई आयात गर्न अनुमति दिइनेछ।

(२) अस्थायी आयात महसुल लाग्ने गरी अस्थायी रूपमा आयात भएका माल वा वस्तुमा महसुलमै कर लाग्नेछ।

५०. **महानिर्देशकले रेखदेख र व्यवस्थापन गर्न सक्नेः** ऐनको दफा २८ बमोजिम असुली हुने करको रेखदेख र व्यवस्थापन महानिर्देशकबाट [१०२]हुनेछ। महानिर्देशकले आवश्यक देखेमा आयात भएको वस्तु वा सेवाको सम्बन्धमा अनुगमन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको काम कारबाही गर्न कर अधिकृतलाई आदेश दिन सक्नेछः–

(क) आयात भएको माल वा वस्तुको नमूना लिई उचित र पर्याप्त किसिमबाट कर लगाइएको कुराको निश्चित गर्ने र त्यस्तो नमूना लिएको सामान उचित समयभित्र सम्बन्धित करदातालाई फिर्ता दिने,

(ख) उचित समयमा कारोबारसँग सम्बन्धित स्थल, घर, गोदाम, पसल आदिमा प्रवेश गर्ने, निरीक्षण गर्ने, तलासी लिने तथा सम्बन्धित व्यक्तिसँग सोधपुछ गर्ने,

(ग) खरिद, बिक्री वा पैठारीसँग सम्बन्धित कागजातहरू आफ्नो कब्जामा लिने, नक्कल लिने, निरीक्षण गर्ने, हटाउने तथा सम्बन्धित करदाताको अनुरोधमा उचित देखिएमा उचित समयभित्र हटाइएका कागजातहरूको सूची र अन्य कागजातहरू फिर्ता दिने।

५१. **आयातमा प्राप्त भएको रकमको विशेष व्यवस्थाः** (१) ऐनको दफा २४ र २५ को प्रयोजनको लागि भन्सार बिन्दुमा सङ्कलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कर कोषको खातामा दैनिक रूपमा जम्मा गर्नु पर्नेछ र सोको विवरण भन्सार कार्यालयले तीन दिनभित्र नजिकको [१०३]आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई बाँकी रहने रकम दैनिक रूपमा तोकिएको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(३) कोषको सञ्चालन गर्ने, बैङ्क खाता खोल्ने, कोषबाट खर्च लेख्ने र राजस्व जम्मा गर्ने कार्यविधि महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद-१०

## सम्पत्ति रोक्का, लिलाम बिक्री र खानतलासी सम्बन्धी व्यवस्था

५२. **सम्पत्ति रोक्का सम्बन्धी व्यवस्थाः** [१०४](१) ऐन र यस नियमावली बमोजिम बुझाउनु पर्ने कर, दस्तुर र ब्याज करदाताले नियम ३० बमोजिमको म्यादभित्र नबुझाएमा कर अधिकृतले ऐनको दफा २१ बमोजिम बक्यौता कर, दस्तुर, जरिवाना र ब्याज असुल गर्नको लागि सम्पत्ति रोक्का राख्न सक्नेछ।

(२) उपनियम (१) को प्रयोजनको निमित्त करदाताको सम्पत्ति [१०५]रोक्का गर्दा देहाय बमोजिम गर्नु पर्नेछः–

(क) सूचना दिइसकेपछि करदाताको चल वा अचल सम्पत्ति कर दाखिल नगरेसम्म बिक्री वितरण वा हक हस्तान्तरण

गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित कार्यालयमा रोक्का गर्न लेखी पठाउने।

(ख) करदाताको कुनै सम्पत्ति कुनै व्यक्ति विशेषको संरक्षणमा वा साथमा छ भन्ने कर अधिकृतले थाहा पाएमा त्यस्तो सम्पत्ति रोक्का गर्न सम्बन्धित व्यक्तिलाई कर अधिकृतले यस नियमको अधीनमा रही आदेश दिने।

५३. **लिलाम बिक्री सम्बन्धी व्यवस्था:** (१) नियम ५२ बमोजिमको कारबाही गर्दा पनि कर असुल नभएमा कर अधिकृतले देहाय बमोजिमको प्रक्रिया पुऱ्याई करदाताको सम्पत्ति पूर्ण वा आंशिक रूपमा लिलाम बिक्री गरी कर असुल गर्न सक्नेछः–

(क) लिलाम बिक्री गर्नु पर्ने सम्पत्ति यकिन गरी सो सम्पत्ति र लिलाम बिक्री गर्नु पर्ने कारण तथा लिलाम बिक्री हुने स्थान र मिति समेत उल्लेख भएको सूचना लिलाम हुने मितिभन्दा कम्तीमा पन्ध्र दिन अगावै सार्वजनिक रूपमा प्रकाशित गर्ने।

(ख) लिलाम गर्दा लिलाम बिक्री गर्ने वस्तु रहेको स्थानको [१०६]गाउँपालिका वा महा/उपमहा/नगरपालिकाको एक जना प्रतिनिधि वा नजिकको सरकारी कार्यालयको एक जना प्रतिनिधि र सम्भव भएसम्म करदाता वा निजको प्रतिनिधि समेतलाई साक्षी राख्ने।

| सि.नं. | बिक्रेताको स्थायी लेखा नम्बर | बिक्रेताको नाम | बीजक नम्बर | बीजक मिति | खरिद गरिएको वस्तु वा सेवा | करयोग्य खरिद रु. | कर छुटको खरिद रु. | मूल्य अभिवृद्धि कर रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

माथि उल्लिखित वस्तु तथा सेवा .......... कूटनीतिक नियोग/कूटनीतिज्ञले खरिद गरेको वा निजलाई आपूर्ति गरिएको व्यहोरा प्रमाणित गर्दछु र रु. ............... (अक्षरेपी ............................) फिर्ता हस्ताक्षरकर्ता/........... लाई दिन अनुरोध गर्दछु। हस्ताक्षरकर्ता/........... लाई दिइने भुक्तानी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१) को खण्ड (क)/क१) अनुसार हुने कुरा म मञ्जुर गर्दछु।

दस्तखतः

निवेदकको नामः

कूटनीतिक नियोगको नाम र छापः

पदः

निवेदकको देश/नियोगको नामः

निवेदकको राहदानी नम्बरः

---

<u>कार्यालय प्रयोजनको लागि मात्र</u>

कर फिर्ता गरिएको रकम रू. — चेकको मिति

निर्णयकर्ताः — निर्णय मितिः

बैङ्क खाता नम्बरः — चेक जारी गरिएको बैङ्कः

भुक्तानी महिना ..... वर्ष — कर अधिकृतको दस्तखतः

## [130]अनुसूची-१७क.

(नियम ४५ को उपनियम (३) सँग सम्बन्धित)

## संयुक्त राष्ट्र सङ्घ/संस्था/विशिष्टीकृत एजेन्सीले तिरेको कर फिर्ता माग गर्ने निवेदनको ढाँचा

श्री आन्तरिक राजस्व विभाग/आन्तरिक राजस्व कार्यालय,

..........................।

१. तल उल्लिखित वस्तु ................... सङ्घ/संस्था/एजेन्सीले खरिद गरेकोले तल बुँदा नं. ३ मा उल्लिखित रकम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१) को खण्ड (क२) बमोजिम फिर्ता पाउन अनुरोध गरिन्छ।

२. कर फिर्ता दाबी गरेको अवधि ............. देखि ............. सम्म।

३. खरिदको विवरणः

| सि.नं. | बिक्रेताको स्थायी लेखा नम्बर | बिक्रेताको नाम | बीजक नम्बर | बीजक मिति | खरिद गरिएको वस्तु वा सेवा | करयोग्य खरिद (रु.) | कर छुटको खरिद (रु.) | मूल्य अभिवृद्धि कर (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

..................सङ्घ/संस्था/एजेन्सी संयुक्त राष्ट्र सङ्घ र सो अन्तर्गतको विशिष्टीकृत सङ्घ/संस्था/एजेन्सी भएको र माथि उल्लिखित वस्तु तथा सेवा सो सङ्घ/संस्था/एजेन्सीले खरिद गरेको व्यहोरा प्रमाणति गर्दछु र रु. ............... (अक्षरेपी ...........................) फिर्ता हस्ताक्षरकर्ता/....................लाई दिन अनुरोध गर्दछु। हस्ताक्षरकर्ता/...............लाई दिइने भुक्तानी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१) को खण्ड (क२) अनुसार हुने कुरा म मञ्जुर गर्दछु।

दस्तखतः

संस्थाको नाम र छापः

निवेदकको नामः

पदः

मितिः

---

कार्यालय प्रयोजनका लागि मात्र

कर फिर्ता गरिएको रकम रु. — चेकको मितिः

निर्णयकर्ताः — निर्णय मितिः

बैङ्क खाता नम्बरः — चेक जारी गरिएको बैङ्कः

भुक्तानी महिना ..... वर्ष — कर अधिकृतको दस्तखतः

[131]अनुसूची - १८

(नियम ४५ को उपनियम (३) सँग सम्बन्धित)

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग
## कर फिर्ता फाराम

(द्विपक्षीय/बहुपक्षीय सम्झौता/विदेशी सङ्घ संस्था अन्तर्गत सञ्चालित आयोजनको लागि)

१. फिर्ता माग गरिएको अवधि देखि सम्म

२. सङ्गठनको विवरण

(क) संस्था / आयोजनाको नाम

(ख) ठेगाना

(ग) संस्था/सहयोग/ऋणको उद्देश्य यदि आवश्यक भएमा

(घ) सम्झौता मिति यदि आवश्यक भएमा

(ङ) समाप्ता हुने मिति

(च) खरिद भएको सामानको कुल रकम सम्झौता बमोजिम प्राप्त हुने कुल रकम

(छ) अर्थ मन्त्रालयबाट सहमति प्राप्त मिति यदि आवश्यक भएमा

(ज) सम्झौताको प्रति संलग्न छ

(झ) सहयोग/ऋण नम्बर यदि आवश्यक भएमा

३. ठेकेदार

(क) योजनासँग सम्झौता भएको ठेकेदार/व्यवस्थापनको नाम/ठेगानाः

(ख) ठेक्का नम्बर

(ग) ठेक्का सुरु हुने मिति

(घ) ठेक्का समाप्त हुने मिति

(ङ) करदाता दर्ता नम्बर

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

(ठेकेदारसँगको शर्तको कपि संलग्न गर्ने)

४. मालसामान खरिदकर्ताको नाम

५. आपूर्तिकर्ताको नाम

६. वस्तु वा सेवाको विवरण

| खरिद गरिएका वस्तु र सेवाहरु | करदाता दर्ता नं. | बीजक नं. | बीजक मूल्य | तिरेको मू.अ. कर रकम रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

आवश्यकता अनुसार पाना थप गर्न सकिनेछ।

७. सम्झौताको कुन दफाबाट मूल्य अभिवृद्धि कर फिर्ता हुने

८. सो फर्म भर्नुभन्दा पहिले खरिद गरेका सामानहरुमा मूल्य अभिवृद्धि कर फिर्ता भएको भए

| सि.नं. | संस्थाको नाम | सामानको नाम | परिमाण | मूल्य |
|---|---|---|---|---|
| | | | | |

उपर्युक्त व्यहोरा ठीक साँचो हो। उक्त सामानहरु अन्य व्यक्तिलाई प्रयोग वा हस्तान्तरण गर्नुभन्दा अगावै आन्तरिक राजस्व कार्यालयको स्वीकृति लिनु पर्नेछ।

विवरण भर्ने ठेकेदारको नाम
सही

योजनाको तर्फबाट प्रमाणित गर्नेको नाम
सही

---

कार्यालय प्रयोजनका लागि मात्र

कर फिर्ता गरिएको रकम रु. | चेकको मितिः
निर्णयकर्ता | निर्णय मितिः
बैङ्क खाता नम्बर | चेक जारी गरिएको बैङ्कः
भुक्तानी महिना.... वर्ष........... | कर अधिकृतको दस्तखतः

## [132]अनुसूची-१८क

(नियम ४५ को उपनियम (३) सँग सम्बन्धित)

**औषधि उद्योगले तिरेको कर फिर्ता माग गर्ने निवेदनको ढाँचा**

श्री आन्तरिक राजस्व विभाग/आन्तरिक राजस्व कार्यालय,

..................................................।

१. कर फिर्ता दाबी गरेको अवधि ............. देखि ............. सम्म

२. खरिदको विवरणः

| सि.नं. | बिक्रेताको नाम | बिक्रेताको स्थायी लेखा नम्बर | बीजक मिति | बीजक नम्बर | खरिद गरिएको वस्तु वा सेवा | करयोग्य खरिद (रु.) | कर छुटको खरिद (रु.) | मूल्य अभिवृद्धि कर (रु.) | कच्चा पदार्थ /सहायक कच्चा पदार्थ/प्याकिङ्ग मेटेरियल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | जम्मा | | | | | | | | |

माथि उल्लिखित वस्तु यस ............ औषधि उद्योग (स्थायी लेखा नम्बर ...............) ले स्वदेशी उद्योगबाट खरिद गरेकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ग२. बमोजिम रु. ........... (अक्षरेपी.............) फिर्ता पाउन अनुरोध गरिन्छ। प्रस्तुत व्यहोरा ठीक साँचो छ।

दस्तखतः

उद्योगको नाम र छापः

निवेदकको नामः:

पदः

मितिः

---

कार्यालय प्रयोजनको लागि मात्र

कर फिर्ता गरिएको रकम रु. | चेकको मितिः
निर्णयकर्ताः | निर्णय मितिः
बैङ्क खाता नम्बरः | चेक जारी गरिएको बैङ्कः
भुक्तानी महिना.......वर्ष | कर अधिकृतको दस्तखतः

[133]अनुसूची-१९

................................

[134]अनुसूची-२०

..........................

**अनुसूची-२१**

(नियम ६० सँग सम्बन्धित)

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

**कर अधिकृतको परिचय-पत्र**

| कर अधिकृतको फोटो |
|---|

नामः

दर्जाः

परिचयपत्र नं.

________________________

महानिर्देशकको हस्ताक्षर

अन्त्य टिप्पणीः

[१] आर्थिक ऐन, २०५६ को अनुसूची-४ को दफा २६ ले मूल्य अभिवृद्धि कर (पहिलो संशोधन) नियमावली, २०५५ लाई खारेज गरेको।

[२] "पन्ध्रौं संशोधन" हुनु पर्नेमा नेपाल राजपत्रमा नै "चौधौं संशोधन" हुन गएको।

[३] यो नियमावली मिति २०५४।५।२ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार मिति २०५४।८।१ देखि प्रारम्भ भएको।

[४] बाइसौं संशोधनद्वारा संशोधित। मूल नियममा "अनुसूची-२" भन्ने शब्दहरु रहेका।

[५] एघारौं संशोधनद्वारा संशोधित।

(१) मूल नियम ६ को उपनियम (१) को व्यवस्थाः "(१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिना पैतालीस लाख रुपैयाँसम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउनु पर्ने छैन।

तर नेपाल अधिराज्यभित्र व्यापारिक प्रयोजनको लागि एक पटकमा दुई लाख रुपैयाँभन्दा बढी वा वार्षिक बाह्र लाखभन्दा बढी पैठारी मूल्यको वस्तु भारत र तिब्बतबाट आयात गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ।"

(२) दोस्रो संशोधनद्वारा उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोः

"(१) नियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिना बीस लाख रुपैयाँसम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउनु पर्ने छैन।

तर नेपाल अधिराज्यभित्र घरेलु उद्योगले स्वःप्रयोजनको लागि आफैं पैठारी गर्नेदेखि बाहेक अन्य कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले एक पटकमा दश हजार रुपैयाँभन्दा बढीको करयोग्य वस्तु पैठारी गर्दा आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ।"

(३) तेस्रो संशोधनद्वारा उपनियम (१) को अन्त्यमा "यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वार्षिक बीस लाख रुपैयाँसम्मको मात्र कारोबार भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ।" भन्ने वाक्यांश थपिएको।

(४) आठौं संशोधनद्वारा नियम ६ को उपनियम (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको।

(५) एघारौं संशोधनद्वारा उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोः

"(१) नियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा वस्तुको हकमा बीस लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा दश लाख रुपैयाँसम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउनु पर्ने छैन। यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वस्तुको हकमा वार्षिक बीस लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारेबार र

सेवाको हकमा दश लाख रुपैयाँसम्मको कारोबार मात्र भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ।"

तर आफैंले पैठारी गर्ने घरेलु उद्योग बाहेकका अन्य कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले एक पटकमा दश हजार रुपैयाँभन्दा बढीको करयोग्य वस्तु व्यापारिक प्रयोजनको लागि पैठारी गर्दा आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ।"

(६) चौधौं (पन्ध्रौं हुनु पर्नेमा नेपाल राजपत्रमा चौधौं भएको) संशोधनद्वारा उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोः

"तर नेपालभित्र कर छुटको कारोबार गर्ने व्यक्तिले आफ्नो उपयोगका लागि आफैंले पैठारी गर्नेदेखि बाहेक अन्य कुनै पनि व्यक्तिले एक पटकमा दश हजार रुपैयाँभन्दा बढीको करयोग्य वस्तु पैठारी गर्दा आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ।"

(७) सत्रौं संशोधनद्वारा उपनियम (१) मा रहेका "बीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पचास लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएको।

(८) अठारौं संशोधनद्वारा उपनियम (१) मा रहेका "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएको।

६ पच्चीसौं संशोधनद्वारा संशोधित। संशोधन हुनु अघि "वस्तुको हकमा" भन्ने शब्दहरू रहेका।

७ सत्रौं संशोधनद्वारा संशोधित। साविकमा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरु रहेका।

८ पच्चीसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुभन्दा अघि "वस्तुको हकमा" भन्ने शब्दहरू रहेका।

९ सत्रौं संशोधनद्वारा संशोधित। मूल नियममा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरु रहेका।

१० अठारौं संशोधनद्वारा संशोधित।

११ पन्ध्रौं संशोधनद्वारा संशोधित।

१२ पहिलो संशोधनद्वारा थप भई आर्थिक ऐन, २०५६ द्वारा खारेज भएकोमा दोस्रो संशोधनद्वारा थप।

(१) उपदफा (१क) थप भएको व्यवस्थाः "(१क) भारत र तिब्बतबाट व्यापारिक कारोबार गर्न चाहने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता प्रमाणपत्रमा भारत र तिब्बतबाट व्यापारिक कारोबार गर्ने व्यहोरा स्पष्ट रुपमा उल्लेख भएको हुन पर्नेछ। यसरी कारोबार गर्ने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता प्रमाणपत्रमा भन्सार अधिकृतले आयात गरेको वस्तुको विवरण, मूल्य र आयात गरेको मिति समेत जनाउनु पर्नेछ।"

(२) पहिलो संशोधनद्वारा थप भएको उपनियम (१) पछि देहायका उपनियम (१क), (१ख) र (१ग) थपिएकोः-

"(१क) भारत र तिब्बतबाट व्यापारिक कारोबार गर्न चाहने व्यक्तिले प्राप्त गरेका आयकर दर्ता प्रमाणपत्रमा भारत र तिब्बतबाट व्यापरिक कारोबार गर्ने व्यहोरा स्पष्ट रूपमा उल्लेख भएको हुनु पर्नेछ। यसरी कारोबार गर्ने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता

प्रमाणपत्रमा भन्सार अधिकृतले आयात गरेको वस्तुको विवरण, मूल्य र आयात गरेको मिति समेत जनाउनु पर्नेछ।

(१ख) भारत र तिब्बतबाट व्यापारिक कारोबार गर्ने व्यक्तिले त्यसरी कारोबार गर्दा अग्रिम आयकर बापत पाँच प्रतिशतका दरले हुने रकम भन्सार कार्यालयमा बुझाउनु पर्नेछ।

(१ग) यस नियममा माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आयकर दर्ता प्रमाणपत्र नलिई एक पटकमा तीन हजार रुपैयाँसम्मको पैठारी मूल्यको वस्तु भारत र तिब्बतबाट आयात गर्न पाउनेछ।

[१३] पहिलो संशोधनद्वारा थप भएकोमा यो उपनियम आर्थिक ऐन, २०५६ द्वारा खारेज गरिएको।

[१४] पहिलो संशोधनद्वारा थप भएकोमा यो उपनियम आर्थिक ऐन, २०५६ द्वारा खारेज गरिएको।

[१५] सत्रौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमावलीको नियम ६ को उपनियम (२) को व्यवस्थाः

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गराउन चाहेमा नियम ३ बमोजिम दरखास्त दिन सक्नेछ। यसरी स्वेच्छाले कारोबार दर्ता गराउन दरखास्त परेमा कर अधिकृतले नियम ४ बमोजिम जाँचबुझ प्रक्रिया पूरा गरी कारोबार दर्ता गरिदिनु पर्नेछ।"

(२) नियम (१) पछि देहायको उपनियम (१क) थपिएकोः- "(१क) कुनै आपूर्तिको खरिद, बिक्री, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा करको प्रयोजनको लागि कर अधिकृतले त्यस्तो आपूर्तिको खरिद, बिक्री र मौज्दातलाई एउटै कारोबार सीमा मानी कर निर्धारण गरी असुल उपर गर्न सक्नेछ।"

[१६] दोस्रो संशोधनद्वारा थप भई उन्नाइसौं तथा एक्काइसौं संशोधनद्वारा संशोधित।

(१) दोस्रो संशोधनद्वारा थप भएको व्यवस्थाः "६क. ठेक्का सम्बन्धी व्यवस्थाः ठेक्का दिने सरकारी निकाय, सार्वजनिक सङ्घ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई करको भुक्तानी सम्बन्धित ठेकेदारलाई गर्नु पर्नेछ। सरकारी निकाय, सार्वजनिक सङ्घ संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक बीस लाख रुपैयाँ बढीको ठेक्का पट्टा दिँदा वा वार्षिक एक लाख रुपैयाँभन्दा बढीको परामर्श सेवा लिँदा दर्ता भएको व्यक्तिसँग मात्र दिनु लिनु पर्नेछ।"

(२) उन्नाइसौं संशोधनद्वारा नियम ६क.मा कायम भएको संशोधनः "६क. ठेक्का सम्बन्धी व्यवस्थाः (१) सरकारी निकाय, सार्वजनिक सङ्घ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई सम्बन्धित ठेकेदारलाई कर भुक्तानी गर्नु पर्नेछ।

(२) सरकारी निकाय वा सार्वजनिक सङ्घ संस्थाले वार्षिक पाँच लाख रुपैयाँभन्दा बढीको ठेक्का पट्टा दिँदा वा वार्षिक एक लाख रुपैयाँभन्दा बढीको परामर्श सेवा लिँदा दर्ता भएको व्यक्तिसँग मात्र दिनु लिनु पर्नेछ।"

[१७] एघारौं संशोधनद्वारा थप।

[१८] एक्काइसौं संशोधनद्वारा थप।

[१९] तेइसौं संशोधनद्वारा संशोधित। एक्काइसौं संशोधनद्वारा थप हुँदा "पचास प्रतिशत" भन्ने शब्दहरु रहेका।

[२०] अठारौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमावलीको व्यवस्थाः "(१) कुनै व्यक्तिको आगामी तीन महिनासम्म आफ्नो कारोबार दश लाख रुपैयाँ नाघ्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।"

(२) पहिलो संशोधनद्वारा उपनियम (१) मा रहेका "दश लाख" भन्ने शब्दहरुको सट्टा "पैतालीस लाख" भन्ने शब्दहरु राखी संशोधन।

(३) दोस्रो संशोधनद्वारा उपनियम (१) मा रहेका "पैतालीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँ भन्ने शब्दहरु राखी संशोधन गरेको।

(४) आठौं संशोधनद्वारा उपदफा (१) मा रहेका "आगामी तीन महिनामा आफ्नो" भन्ने शब्दहरुको सट्टा "वार्षिक" भन्ने शब्द राखिएको।

(५) सत्रौं संशोधनद्वारा उपनियम (१) मा रहेका "बीस लाख" भन्ने शब्दहरुको सट्टा "पचास लाख" भन्ने शब्दहरु राखी सोही नियमावलीको उपनियम (५) को खण्ड (ख) र (ग) झिकिएको।

[२१] पच्चीसौं संशोधनद्वारा संशोधित। संशोधन हुनु अघि "वस्तुको हकमा" भन्ने शब्दहरू रहेका।

[२२] अठारौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमावलीको व्यवस्थाः "(२) उपनियम (१) मा उल्लेख भए अनुसार अनुमान गर्न सकिने अवस्था नभै कसैले गरेको कारोबारको रकम दश लाख रुपैयाँ नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।"

(२) पहिलो संशोधनद्वारा उपनियम (२) मा रहेका "दश लाख" भन्ने शब्दहरुको सट्टा "पैतालीस लाख" भन्ने शब्दहरु राखी संशोधन।

(३) दोस्रो संशोधनद्वारा उपनियम (२) मा रहेका "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस लाख" रुपैयाँ भन्ने शब्दहरु राखी संशोधन गरेको।

(४) सत्रौं संशोधनद्वारा उपनियम (२) मा रहेका "बीस लाख" भन्ने शब्दहरुको सट्टा "पचास लाख" भन्ने शब्दहरु राखी सोही नियमावलीको उपनियम (५) को खण्ड (ख) र (ग) झिकिएको।

[२३] पच्चीसौं संशोधनद्वारा संशोधित। संशोधन हुनु अघि "वस्तुको हकमा" भन्ने शब्दहरू रहेका।

[२४] आठौं संशोधनद्वारा थप भएकोमा दशौं संशोधनद्वारा झिकिएको। थप भएको व्यवस्थाः "(३) कुनै करदाताले आफ्नो कारोबारको सीमा बीस लाख रुपैयाँ नभएको दाबी गरेको विषय उपर कर अधिकृतलाई शङ्का लागेमा निजले त्यस्तो करदाताको स्वीकृतिमा पेशागत संस्थासँग परामर्श गर्न सक्नेछ।"

[२५] आठौं संशोधनद्वारा थप।

[२६] आठौं संशोधनद्वारा थप भएकोमा बाइसौं संशोधनद्वारा झिकिएको।

(१) आठौं संशोधनद्वारा थप भएको व्यवस्थाः "(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले गरेको कारोबारको सम्बन्धमा देहायको अवस्था भएमा त्यस्तो कारोबार कार्यालयमा दर्ता गर्नु पर्नेछः-

(क) कर अधिकृतले निरीक्षण गर्दाका बखत कारोबार गर्ने व्यक्तिसँग रहेको वस्तुको प्रकृतिको आधारमा विभागले तोकेको रकमभन्दा बढी मूल्यको वस्तु मौज्दात भएमा,

(ख) कुनै व्यक्तिको टेलिफोन महसुल र घर बहाल गरी वार्षिक एक लाख रुपैयाँभन्दा बढी खर्च भएमा, वा

(ग) विभागले तोकेको बजार वा सडक क्षेत्रभित्रको विभागले तोकेको निश्चित क्षेत्रफलमा कुनै व्यक्तिको कारोबार स्थल भएमा।"

(२) नवौं संशोधनद्वारा नियम ७ को उपनियम (५) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखी संशोधन गरेकोः-

"(क) कर अधिकृतले निरीक्षण गर्दाका बखत कारोबार गर्ने व्यक्तिसँग रहेको वस्तुको प्रकृतिको आधारमा विभागले तोकेको रकमभन्दा बढी मूल्यको वस्तु मौज्दात भएमा वा कुनै महिनामा दुई लाख वा सोभन्दा बढी रुपैयाँको बिक्री भएमा।"

(३) दशौं संशोधनद्वारा उपनियम (५) मा रहेका "कुनै व्यक्तिले गरेको" भन्ने शब्दहरु पछि "कर लाग्ने वस्तु वा सेवाको" भन्ने शब्दहरु थपी सोही उपनियमको खण्ड (क) मा रहेका "वा कुनै महिनामा दुई लाख वा सोभन्दा बढी रुपैयाँको बिक्री भएमा" भन्ने शब्दहरु झिकिएका।

[२७] पन्ध्रौं संशोधनद्वारा थप।

[२८] चौबीसौं संशोधनद्वारा संशोधित। साविकमा सोह्रौं संशोधनद्वारा थप भएको देहाय बमोजिमको व्यवस्था रहेको।

"७क. अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्थाः (१) अस्थायी रूपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएकाले ऐनको दफा १०क. बमोजिम कारोबार दर्ता गर्न सम्बन्धित आयोजकको सिफारिस सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा त्यस्तो कार्यक्रमबाट प्राप्त हुने आयको पूर्वानुमान गरी सो आयको दुई प्रतिशतले हुने रकम सो कार्यालयमा धरौटी राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयका कर अधिकृतले त्यस्तो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गरी निवेदकलाई दर्ता नम्बर सहितको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता भएकाले प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम समाप्त भएको सात दिनभित्र कारोबार दर्ता गर्नेले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा मूल्य अभिवृद्धि कर विवरण र मूल्य अभिवृद्धि कर दाखिला गरी अस्थायी दर्ता खारेजीका लागि स्थायी लेखा नम्बरको सक्कल प्रमाणपत्र, अस्थायी दर्ता भएको अवस्थाको कर चुक्ता प्रमाणपत्र र आयोजकको सिफारिस सहित निवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम अस्थायी दर्ता खारेजीको निवेदन प्राप्त भएमा सम्बन्धित कर अधिकृतले करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर विवरण तथा अन्य कागजात जाँचबुझ गरी पन्ध्र दिनभित्र अस्थायी दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(६) उपनियम (२) बमोजिम निवेदकले राखेको धरौटी उपनियम (४) बमोजिम बुझाउनु पर्ने मूल्य अभिवृद्धि करमा मिलान गर्न पाउनेछ।

(७) उपनियम (५) बमोजिम जाँचबुझ गर्दा थप कर निर्धारण हुन गएमा निवेदकलाई कर दाखिला गर्न तीन दिनको सूचना दिइनेछ। सो अवधिभित्र निवेदकले कर दाखिला नगरेमा निजले धरौटी राखेको रकमबाट असुल गरिनेछ र सो रकमबाट पनि नपुगेमा बाँकी रकम आयोजकबाट असुल गरिनेछ।"

[२९] पच्चीसौं संशोधनद्वारा थप।

[३०] पच्चीसौं संशोधनद्वारा थप।

[३१] पच्चीसौं संशोधनद्वारा थप।

[३२] एक्काइसौं संशोधनद्वारा थप।

[३३] तेइसौं संशोधनद्वारा झिकिएको। एक्काइसौं संशोधनद्वारा थप भएकोमा बाइसौं संशोधनद्वारा "संवत् २०७७ साल असार मसान्तभित्र" भन्ने शब्दहरू भन्ने शब्दहरुको सट्टा "संवत् २०७८ साल असार मसान्तभित्र" भन्ने शब्दहरु राखी संशोधन भएको।

[३४] दशौं संशोधनद्वारा संशोधित। मूल नियमावलीको व्यवस्थाः-
"१२. दर्ता खारेजीको प्रक्रियाः ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्थाको कारणबाट कुनै दर्ता भएको व्यक्तिको दर्ता खारेज हुने भएमा त्यस्तो दर्ता भएको व्यक्ति वा निज नरहेको अवस्थामा निजको हकवालाले दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र दर्ता खारेज गर्नको लागि दर्ता खारेज हुने अवस्था खुलाई अनुसूची-११ बमोजिमको कर विवरण

तथा बुझाउनु पर्ने कर रकम समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिएमा वा दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रही दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नु पर्ने कुरामा सम्बन्धित कर अधिकृत विश्वस्त भएमा बाँकी कर रकम बुझाउन लगाई त्यस्तो व्यक्तिको दर्ता खारेज गरी सो कुराको जानकारी सम्बन्धित दर्ता भएको व्यक्ति वा निजको हकवाला र विभागलाई दिनु पर्नेछ।"

३५ सत्रौं संशोधनद्वारा थप।

३६ आठौं संशोधनद्वारा थप।

३७ अठारौं संशोधनद्वारा थप।

३८ चौधौं संशोधनद्वारा "अधिराज्य" भन्ने शब्द झिकिएको।

३९ चौधौं संशोधनद्वारा "अधिराज्य" भन्ने शब्द झिकिएको।

४० चौबीसौं संशोधनद्वारा थप।

४१ पच्चीसौं संशोधनद्वारा "टेलिफोन" भन्ने शब्द झिकिएको।

४२ आठौं संशोधनद्वारा थप।

४३ आठौं संशोधनद्वारा थप।

४४ नवौं संशोधनद्वारा थप।

४५ बाइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "उपदफा (७)" भन्ने शब्दहरू रहेको।

४६ दोस्रो संशोधनद्वारा थप भएकोमा आठौं संशोधनद्वारा झिकिएको। थप भएको व्यवस्थाः "(३) खुद्रा बिक्रेताले स्थायी लेखा नम्बर नभएका व्यक्तिलाई जतिसुकै रकमको वस्तु वा सेवा आपूर्ति गर्दा कर छुट्टै नदेखाई लाग्ने कर समेत मूल्यमा गाभी अनुसूची ५क. बमोजिमको ढाँचामा एकमुष्ठ रकमको कर बीजक जारी गर्नु पर्नेछ। स्थायी लेखा नम्बर भएको प्रापकले पचास हजार रुपैयाँसम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको बीजकमा निजको नाम, ठेगाना र स्थायी लेखा नम्बर उल्लेख गरेको भए कर कट्टी सुविधा पाउनेछ। यस्तो बीजकबाट करको कुल अङ्क निकाल्ने तरिका नियम १८ को उपनियम (७) मा उल्लेख भए बमोजिम हुनेछ।

तर पचास हजार रुपैयाँभन्दा बढीको आपूर्तिमा दर्ता भएका व्यक्तिलाई र ऐनको दफा २५ बमोजिम कर फिर्ता पाउने व्यक्ति वा संस्थालाई उपनियम (१) बमोजिमको बीजक जारी गर्नु पर्नेछ।"

४७ दोस्रो संशोधनद्वारा थप भएकोमा आठौं संशोधनद्वारा झिकिएको।

(१) थप भएको व्यवस्थाः "(४) कर लाग्ने बस्तु वा सेवाको कारोबार गर्ने सबै बिक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नम्बर, मिति र सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ। उत्पादक तथा आयातकर्ताले प्रापकको नाम, स्थायी लेखा नम्बर, ठेगाना स्पष्ट उल्लेख नगरी बीजक जारी गरेमा यस्तो बिक्रीलाई प्रचलित बजार मूल्यमा खुद्रा बिक्री गरे सरह मानिनेछ।

तर प्रापकको स्थायी लेखा नम्बर नभए बीजकमा स्थायी लेखा नम्बर उल्लेख गर्नु पर्ने छैन।"

(२) तेस्रो संशोधनद्वारा नियम १७ को उपनियम (४) मा रहेको "सहितको" भन्ने शब्दहरु पछि "तथा सामानको स्पष्ट विवरण सहितको" भन्ने शब्दहरु थपिएको।

(३) सातौं संशोधनद्वारा उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको:-

"(४) कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने सबै बिक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नम्बर, मिति र सिलसिलेवार नम्बर तथा सामानको विवरण (मोडल, ब्राण्ड, सङ्केत नम्बर) सहितको बीजक जारी गर्नु पर्नेछ। बिक्रेताले सो नगरी बीजक जारी गरेमा त्यस्तै सामानको प्रचलित प्रचलित बजार मूल्य (उच्चतम) कायम गरी कर असुल गरिनेछ।

तर सरकारी, सार्वजनिक संस्थान जस्ता स्थायी लेखा नम्बर लिन अनिवार्य नहुने बिक्रेताको हकमा भने स्थायी लेखा नम्बर उल्लेख गर्नु पर्ने छैन।"

४८ दोस्रो संशोधनद्वारा थप भएकोमा आठौं संशोधनद्वारा झिकिएको। थप भएको व्यवस्था: "(५) एक पटकमा दश हजार रुपैयाँभन्दा बढी मूल्य पर्ने कर लाग्ने वस्तुको मौज्दात ओसारपसार गर्दा वा दर्ता नभएको व्यक्तिलाई बिक्री गरिएको वस्तु ओसारपसार गर्दा कर अधिकृतको निस्सा भएको बीजक सहित ओसारपसार गर्नु पर्नेछ। यस्तो निस्सा करदाताले दर्ता भएको कार्यालय वा शाखा रहेको कार्यालयबाट प्राप्त गर्न सक्नेछ। दर्तावाला करदाताहरूबीच हुने आपूर्तिमा भने यस्तो निस्सा आवश्यक पर्ने छैन।"

४९ एक्काइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "कुनै वस्तुको" भन्ने शब्दहरु रहेका।

५० एक्काइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "कुनै वस्तुको" भन्ने शब्दहरु रहेका।

५१ सोह्रौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "नगरी एकमुष्ट केही वस्तुहरू भनी उल्लेख गर्न सकिनेछ" भन्ने शब्दहरू रहेका।

५२ एक्काइसौं संशोधनद्वारा संशोधित। मूल नियमावलीमा "पाँच सय रुपैयाँ" भन्ने शब्दहरु रहेकोमा दोस्रो संशोधनद्वारा "पाँच हजार रुपैयाँ" भन्ने शब्दहरु कायम भएको।

५३ दोस्रो संशोधनद्वारा थप भएकोमा नवौं संशोधनद्वारा झिकिएको। दोस्रो संशोधनद्वारा उपनियम (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको:

"तर विभाग वा कार्यालयवाट क्यास मेशिन वा कम्प्युटरको सफ्टवेयरबाट बीजक जारी गर्न स्वीकृति प्राप्त गरेको दर्ता भएको व्यक्तिले अनुसूची-५ बमोजिमको ढाँचामा बीजक जारी गर्न सक्नेछ।"

५४ नवौं संशोधनद्वारा थप।

५५ बाइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "कम्प्युटर सफ्टवेयरबाट" भन्ने शब्दहरू रहेका।

५६ बाइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "कम्प्युटर सफ्टवेयरबाट" भन्ने शब्दहरू रहेका।

[57] उन्नाइसौं संशोधनद्वारा खारेज। मूल नियमावलीको व्यवस्थाः-
"१९. कर बीजक दिनु नपर्नेः ऐनको दफा १४ को उपदफा (१) को प्रयोजनको लागि दश हजार रुपैयाँभन्दा बढी मूल्य भएका प्रयोग भइसकेको वस्तुको कारोबार गर्ने व्यक्तिले निजले आपूर्ति गरेको वस्तुको खरिद मूल्यभन्दा बिक्री मूल्य घटी भएमा कर बीजक जारी गर्नु पर्ने छैन।"

[58] तेइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "(छ) अनुसूची-८ र अनुसूची-९ मा उल्लेख भए बमोजिमका खरिद तथा बिक्री खाताहरू।" भन्ने शब्दहरु रहेका।

[59] तेइसौं संशोधनद्वारा थप।

[60] दशौं संशोधनद्वारा थप।

[61] दशौं संशोधनद्वारा थप।

[62] तेइसौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमको व्यवस्था "२५. खरिद तथा बिक्री खाता प्रमाणित सम्बन्धी व्यवस्थाः ऐनको दफा १६ को उपदफा (३) बमोजिम कर अधिकृतले खरिद तथा बिक्री खाता प्रमाणित गर्दा देहाय बमोजिम प्रमाणित गर्नु पर्नेछः-

(क) करदाताले खरिद तथा बिक्री खाता प्रमाणित गर्नको लागि कार्यालयमा निवेदन दिएमा,

(ख) कर परीक्षण वा जाँचको अवधिमा,

(ग) निरीक्षणको समयमा।

(२) सत्रौं संशोधनद्वारा देहायको प्रतिबन्धात्मक व्यवस्था थपः
"तर कम्प्युटर बीजक जारी गर्न अनुमति लिएको करदाताको कम्प्युटर प्रणालीबाट नै स्वतः बिक्री खाता तयार हुने भएमा बिक्री खाता प्रमाणित गराउनु पर्ने छैन।"

(३) बाइसौं संशोधनद्वारा "कम्प्युटर बीजक जारी गर्न" भन्ने शब्दहरुको सट्टा "विद्युतीय माध्यमबाट बीजक जारी गर्न" भन्ने शब्दहरु र "कम्प्युटर प्रणालीबाट" भन्ने शब्दहरुको सट्टा "विद्युतीय प्रणालीबाट" भन्ने शब्दहरु राखी संशोधन भएको।

[63] पाँचौं संशोधनद्वारा थप भएकोमा अठारौं संशोधनद्वारा झिकिएको। थप भएको व्यवस्थाः "तर अघिल्लो बाह्र महिनाभित्र बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार भएका करदाताले भाद्र, कार्तिक, पौष, फागुन, वैशाख र असार महिनाको पच्चीस गतेभित्र सम्बन्धित कर अधिकृत समक्ष कर विवरण पेश गर्नु पर्नेछ।"

[64] सत्रौं संशोधनद्वारा झिकिएको।

(१) मूल नियमको व्यवस्थाः "(३) ऐनको दफा ९ बमोजिम स्वेच्छाले दर्ता भई वार्षिक कारोबार दश लाख रुपैयाँसम्म हुने करदाताको कर अवधि चार महिना कायम गर्न सकिनेछ।"

(२) पहिलो संशोधनद्वारा नियम २६ को उपनियम (३) मा रहेका "दश लाख" भन्ने शब्दहरुको सट्टा "पैंतालीस लाख" भन्ने शब्दहरु राखिएका।

(३) दोस्रो संशोधनद्वारा नियम २६ को उपनियम (३) मा रहेका "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरू र "कार्तिक, फागुन र असार महिनाको" भन्ने शब्दहरूको सट्टा "श्रावण, मार्ग र चैत महिनाको" भन्ने शब्दहरू राखिएका।

(४) पन्ध्रौं संशोधनद्वारा नियम २६ को उपनियम (३) मा रहेका "त्यस्ता करदाता" भन्ने शब्दहरू पछि "र ईटा उद्योगहरू" भन्ने शब्दहरू थपिएका।

६५ दोस्रो संशोधनद्वारा थप भई बाइसौं संशोधनद्वारा झिकिएको। थप भएको व्यवस्थाः "(३क) होटल तथा पर्यटन व्यवसायीले चाहेमा विभागले विवरण पेश गर्ने कर अवधि दुई महिना कायम गर्न सक्नेछ।"

६६ पच्चीसौं संशोधनद्वारा संशोधित।

(१) संशोधन हुनुअघिको व्यवस्थाः "(३ख) ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह, होटल, पर्यटन तथा चलचित्र घरले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ।"

(२) सोह्रौं संशोधनद्वारा थप भएको व्यवस्थाः "(३ख) पत्रपत्रिका वा पत्रपत्रिका प्रकाशन गृहको कारोबार गर्ने व्यवसायीले चाहेमा विभागले विवरण पेश गर्ने कर अवधि चौमासिक कायम गर्न सक्नेछ।"

(३) बाइसौं संशोधनद्वारा "छापा तथा विद्युतीय प्रकाशन एवम् प्रसारण गृहले" भन्ने शब्दहरूको सट्टा "छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह, होटल, पर्यटन चलचित्र घर तथा ढुवानी व्यवसायीले" भन्ने शब्दहरू राखी संशोधित।

(४) तेइसौं संशोधनद्वारा संशोधित। बाइसौं संशोधनद्वारा कायम भएको "पर्यटन, चलचित्र घर तथा ढुवानी व्यवसायीले" भन्ने शब्दहरुको सट्टा "पर्यटन तथा चलचित्र घरले" भन्ने शब्दहरु राखिएका।

६७ पाँचौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "सात दिन" भन्ने शब्दहरु रहेका।

६८ सत्रौं संशोधनद्वारा झिकिएको। संशोधन हुनुअघि साविकमा "र (३)" भन्ने शब्दहरु रहेका।

६९ सोह्रौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमको व्यवस्थाः- "३०. कर, थप दस्तुर र ब्याजको रकम बुझाउनु पर्नेः नियम २९ बमोजिम जारी भएको कर निर्धारण आदेश बमोजिमको कर, थप दस्तुर र ब्याजको रकम सम्बन्धित करदाताले त्यस्तो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित कर कार्यालयमा दाखिल गर्नु पर्नेछ।"

७० तेइसौं संशोधनद्वारा संशोधित। मूल नियमावलीको व्यवस्थाः "३१. कर निर्धारण आदेशको सूचना पठाउने कार्यविधिः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कर अधिकृतले करदातालाई नियम २९ बमोजिम कर निर्धारण आदेश जारी गर्दा त्यस्तो करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा त्यस्तै अन्य विद्युतीय उपकरण मार्फत पठाएमा वा त्यस्तो आदेश निज वा निजको कार्यालयमा बुझाएमा वा निजको ठेगानामा रजिष्टरी गरी हुलाक मार्फत पठाएमा रीतपूर्वक तामेल भएको मानिनेछ।

(२)उपनियम (१) बमोजिम कर निर्धारण आदेशको सूचना तामेल हुन नसकेमा कर अधिकृतले सम्बन्धित करदातालाई रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै पत्र-पत्रिकामा तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सक्नेछ। त्यस्तो अवस्थामा सम्बन्धित करदाताले त्यस्तो जानकारी पाएको मानिनेछ।"

७१ तेह्रौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "सात दिनभित्र" भन्ने शब्दहरु रहेका।

७२ उन्नाइसौं संशोधनद्वारा संशोधित। मूल नियमावलीमा रहेको व्यवस्थाः-
"(३) प्रयोग भइसकेका प्रत्येक वस्तुहरूको खरिद मूल्य दश हजार रुपैयाँभन्दा बढी भएमा छुट्टाछुट्टै खरिद वा बिक्री अभिलेख राख्नु पर्नेछ।"

७३ बाह्रौं संशोधनद्वारा थप।

७४ बाह्रौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "(घ) र (ङ)" भन्ने शब्दहरू रहेका।

७५ बीसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "गाउँ विकास समिति" भन्ने शब्दहरू रहेका।

७६ बीसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "गाउँ विकास समिति" भन्ने शब्दहरू रहेका।

७७ दशौं संशोधनद्वारा खारेज।
(१) मूल नियमको व्यवस्थाः- "३८. कर असुली गर्ने म्यादः ऐनको दफा २१ को उपदफा (२) बमोजिम म्यादको गणना गर्दा पुनरावेदन परेको भए त्यस्तो पुनरावेदन भएको मितिदेखि निर्णय नभएसम्मको अवधि समावेश हुने छैन।"

७८ सातौं संशोधनद्वारा थप।

७९ बाइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "छ महिनासम्म" भन्ने शब्दहरू रहेका।

८० तेह्रौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "अनुसूची-१४" भन्ने शब्दहरू रहेका।

८१ एक्काइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "पचास प्रतिशत" भन्ने शब्दहरू रहेका।

८२ तेह्रौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "अनुसूची-१४" भन्ने शब्दहरू रहेका।

८३ सातौं संशोधनद्वारा संशोधित। मूल नियमको व्यवस्थाः "स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "निर्यातसँग सम्बन्धित कागजातहरू" भन्नाले वस्तु विनिमय बाहेकको निर्यातको हकमा निर्यात प्रमाणपत्र, भुक्तानी प्रमाणपत्र, प्रतितपत्र, उत्पत्तिको प्रमाणपत्र र समय समयमा विभागले तोकिदिएको तत्सम्बन्धी अन्य कागजातहरू सम्झनु पर्छ र वस्तु विनिमयको हकमा भुक्तानी प्रमाणपत्रको सट्टा आयात प्रज्ञापनपत्र सम्झनु पर्छ।"

८४ चौबीसौं संशोधनद्वारा उपनियम (१) मा संशोधन गरेको। संशोधन हुनुअघि देहाय बमोजिम व्यवस्था रहेकोः- "(१) कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानि नोक्सानी भएमा वा उपयोग गर्ने म्याद सकिएको कारणले त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ"।

(१) चौथो संशोधनद्वारा मूल नियमावलीमा देहाय बमोजिमको नियम ३९क. थपिएकोः

"३९क. नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्नेः (१) कुनै वस्तु आगजनी, चोरी, दुर्घटना वा टुटफुट हुनगई नोक्सान भएमा त्यस्तो वस्तुको वा उपयोग गर्ने म्याद सकिएको कारणले त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनमा विभागले तोकिदिएको छानबिन गर्दा नोक्सान भएको देखेमा त्यस्तो नोक्सानी भएको वस्तुमा तिरेको कर कट्टी गर्नको लागि नोक्सानीको विवरण समेत खुलाई विभाग समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सिफारिस प्राप्त भएमा विभागले त्यस्तो वस्तुमा तिरेको कर वा कम मूल्यमा बिक्री गरेकोमा बिक्रीबाट उठेको कर रकमभन्दा बढी भएको हदसम्मको तिरेको कर कट्टी गर्न दिने गरी निर्णय गर्न सक्नेछ।"

(२) दशौं संशोधनद्वारा नियम ३९क. को,

(क) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखेको,- "(१) कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोग गर्ने म्याद सकिएको कारणले हानि नोक्सानी हुन गई त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ।

(ख) उपनियम (२) मा रहेका "वस्तुमा तिरेको कर" भन्ने शब्दहरू पछि "एक लाख रुपैयाँसम्मको भए सम्बन्धित कार्यालयको निर्णयबाट कर कट्टी गर्न पाउनेछ र सो भन्दा बढी कर" भन्ने शब्दहरू थपिएका।

(ग) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएकोः "(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमा गरिएको वस्तुको नोक्सानीको हकमा सम्बन्धित कार्यालयले नै क्षतिपूर्ति बापत प्राप्त गरेको रकमको हदसम्म कर कट्टी गर्न दिने निर्णय गर्न सक्नेछ।"

(३) तेइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "हानि नोक्सानी हुन गई" भन्ने शब्दहरु रहेका।

८५ तेइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि साविकमा "हानि नोक्सान भएको देखिएमा कर अधिकृतले त्यस्तो हानि नोक्सानी भएको" भन्ने शब्दहरु रहेका।

८६ तेइसौं संशोधनद्वारा संशोधित।

(१) मूल नियममा रहेको व्यवस्थाः "(ग) सवारी साधनको लागि हल्का पेट्रोलियम (पेट्रोल) इन्धन"।

(२) एक्काइसौं संशोधनद्वारा संशोधित व्यवस्थाः "(ग) पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल र एल.पि. ग्याँस)।"

८७ पाँचौं संशोधनद्वारा झिकिएको। संशोधन हुनुअघिको व्यवस्थाः "(क) सबै प्रकारका हवाईजहाजमा खरिद मूल्यको ४० प्रतिशत।"

८८ पाँचौं संशोधनद्वारा झिकिएको। मूल नियमको व्यवस्थाः "(ग) कम्प्युटरमा खरिद मूल्यको ६० प्रतिशत।"

८९ अठारौं संशोधनद्धारा संशोधित।

(१) मूल नियमको व्यवस्थाः "४३. निवेदन दिनु पर्नेः (१) करदाताले आफू दर्ता हुँदा मौज्दातमा रहेको बिक्री कर तिरिसकेका वस्तुमा लागेको बिक्री कर साविक मास्केवारी अनुसार बिक्री कर कट्टी हुन बाँकी रहेको अंश तथा कर लाग्ने कारोबारमा तिरेको कर कट्टी गर्नको लागि अनुसूची-१६ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बिक्रीकर वा कर कट्टीको दाबी गर्दा बिक्रीकर वा कर तिरेको बीजकहरू र अन्य प्रमाण कागजहरू समेत आफू दर्ता भएको पन्ध्र दिनभित्र पेश गर्नु पर्नेछ। यस नियममा उल्लिखित प्रमाण कागजातको अभावमा उपनियम (१) बमोजिम कर कट्टी गर्न दिइने छैन।

(३) उपनियम (१) बमोजिमको दाबी कर अधिकृतद्वारा संशोधन वा खारेज भएमा वा त्यस्तो कर पहिला नै कट्टा गरिएको पाइएमा ऐन वा यस नियमावली बमोजिम कर अधिकृतले त्यस्तो करदातालाई कारबाई गर्न सक्नेछ।

(४) यस नियम बमोजिमको दाबी कर अधिकृतद्वारा स्वीकृत भएमा सम्बन्धित करदाताले उपनियम (१) बमोजिम दाबी गरेको रकम नियम ३९ को उपनियम (४) बमोजिम कट्टी गर्न पाउनेछ।"

(२) पाँचौं संशोधनद्वारा नियम ४३ को,-

(क) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखेकोः- "(१) करदाताले आफू दर्ता हुँदाका बखत मौज्दातमा रहेका वस्तुमा लागेका कर कट्टी गर्नको लागि अनुसूची-१६ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।"

(ख) उपनियम (२) को ठाउँ ठाउँमा रहेका "बिक्रीकर वा" भन्ने शब्दहरू झिकिएका।

९० बाइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघिको व्यवस्थाः "(१) ऐनको दफा २४ को उपदफा (३) र (४) वा दफा २५ को प्रयोजनको लागि कर फिर्ता दिँदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएका प्रमाणहरू तुरुन्त छानबिन गरी दर्ता भएको मितिले तीस दिनभित्र फिर्ता दिनु पर्नेछ।"

९१ दशौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघिकोः (१) मूल नियमावलीको नियम ४५ को उपनियम (२) मा रहेका "यसरी प्राप्त हुन आएको प्रमाणहरू" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा २४ को उपदफा (३) वा दफा २५ बमोजिम प्राप्त हुन आएको प्रमाणहरू" भन्ने शब्दहरु राखिएको।

[92] बाइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "दफा २४ को उपदफा (३) वा दफा २५ बमोजिम" भन्ने शब्दहरु रहेका।

[93] एक्काइसौं संशोधनद्वारा थप।

[94] बाइसौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमको व्यवस्थाः "(३) ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रयोजनको लागि दर्ता नभएको व्यक्तिले कर फिर्ता माग गर्दा क्रमशः अनुसूची-१७, अनुसूची-१८ र अनुसूची-१९ को ढाँचामा सोझै विभागमा निवेदन दिनु पर्नेछ।"

(२) तेह्रौं संशोधनद्वारा कायम भएको व्यवस्थाः "(३) ऐनको दफा २५ को उपदफा (१) को प्रयोजनको लागि दर्ता नभएको व्यक्तिले कर फिर्ता माग गर्दा खण्ड (क) को प्रयोजनका लागि अनुसूची-१७ र खण्ड (ख) र (ग) को प्रयोजनका लागि अनुसूची-१८ को ढाँचामा सोझै विभागमा निवेदन दिन सक्नेछ।"

[95] पच्चीसौं संशोधनद्वारा थप।

[96] आठौं संशोधनद्वारा झिकिएको। संशोधन हुनुअघि "फिर्ता दिनु पर्ने रकम" भन्ने शब्दहरु रहेका।

[97] दोस्रो संशोधनद्वारा संशोधित। संशोधन हुनुअघिको व्यवस्थाः

"४७. ब्याजको दरः ऐनको दफा २४ को उपदफा (५) को प्रयोजनको लागि नेपाल सरकारले दिने ब्याजको दर एक वर्षको अवधिमा भुक्तानी हुने सरकारी ऋणपत्रमा दिने ब्याज दर सरह हुनेछ। यस्तो ब्याज रकमको ऐनको दफा २४ को उपदफा (३) र (४) अनुसार फिर्ता माग गरेको मितिले साठी दिनपछि मात्र गणना गरिनेछ।"

[98] चौधौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको।

[99] सातौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "वस्तुमा" भन्ने शब्द रहेको।

[100] सातौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "वस्तुमा" भन्ने शब्द रहेको।

[101] चौधौं संशोधनद्वारा संशोधित।संशोधन हुनुअघि रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको।

[102] दोस्रो संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "हुने व्यवस्था गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ" भन्ने शब्दहरु रहेका।

[103] अठारौं संशोधनद्वारा संशोधित।संशोधन हुनुअघि "मूल्य अभिवृद्धि कर कार्यालय" भन्ने शब्दहरु रहेका।

[104] अठारौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघिको व्यवस्था:- "(१) ऐन तथा यस नियममा बमोजिम बुझाउनु पर्ने कर, दस्तुर र ब्याज करदाताले नियम ३० बमोजिमको म्यादभित्र नबुझाएमा कर अधिकृतले ऐनको दफा २१ अन्तर्गत अनुसूची-२० मा उल्लेख भए बमोजिम महानिर्देशकबाट अनुमति प्रप्त गरी बक्यौता कर, दस्तुर, जरिबाना र ब्याज असुल गर्नेछ।"

[105] अठारौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "कब्जा वा लिलाम" भन्ने शब्दहरु रहेका।

[106] बीसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "गाउँ विकास समिति" भन्ने शब्दहरु रहेका।

[107] बीसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "गाउँ विकास समिति" भन्ने शब्दहरु रहेका।

[108] उन्नाइसौं संशोधनद्वारा संशोधित। (१) मूल नियमको व्यवस्थाः "५६. नेपाल ..........भित्र आपूर्ति हुने वस्तु वा सेवाको सम्बन्धमाः नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको सङ्घ, संस्था वा कार्यालय वा संवैधानिक निकायले नेपाल ........भित्र एक पटकमा दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु खरिद गर्दा वा सेवा प्राप्त गर्दा दर्ता भएको व्यक्तिसँग मात्र गर्नु पर्नेछ।"

(२) पाँचौं संशोधनद्वारा मूल नियममा रहेका "दश हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएको।

(३) चौधौं संशोधनद्वारा मूल नियममा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको।

[109] एक्काइसौं संशोधनद्वारा खारेज। आठौं संशोधनद्वारा मूल नियमावलीमा देहाय बमोजिम नियम ५८क. थपिएकोः- "५८क. कर सहयोगी राख्नेः (१) करदाताले कर सम्बन्धमा आवश्यक जानकारी तथा सहयोग लिन कर सहयोगी राख्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कर सहयोगीको लागि आवश्यक पर्ने योग्यता, निजको स्तर लगायत अन्य व्यवस्था विभागले तोके बमोजिम हुनेछ।"

[110] बाइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "नेपाल सरकारले" भन्ने शब्दहरु रहेका।

[111] नेपाल राजपत्रमा मिति २०७३।०४।२४ मा प्रकाशित सूचनाद्वारा हेरफेर गरिएको।

[112] पाँचौं संशोधनद्वारा झिकिएको।

[113] पाँचौं संशोधनद्वारा संशोधित।

[114] आठौं संशोधनद्वारा संशोधित

[115] नवौं संशोधनद्वारा संशोधित

[116] बाइसौं संशोधनद्वारा संशोधित। मूल नियममा "पाँच सय रुपैंया" भन्ने शब्दहरु रहेका।

[117] तेइसौं संशोधनद्वारा संशोधित।

[118] पच्चीसौं संशोधनद्वारा अनुसूची-८ मा रहेका "खरिद खाताको महल नं. ५ को (खरिद/पैठारी गरिएका वस्तु वा सेवाको विवरण)" सम्बन्धी महल झिकिएको।

[119] पच्चीसौं संशोधनद्वारा अनुसूची-८ मा रहेका "खरिद खाताको महल नं. ६ को (खरिद/पैठारी गरिएका वस्तुको परिमाण)" सम्बन्धी महल झिकिएको।

[120] नेपाल राजपत्रमा मिति २०७७।६।१९ मा प्रकाशित सूचनाद्वारा हेरफेर गरिएको।

[121] पच्चीसौं संशोधनद्वारा अनुसूची-९ मा रहेका "बिक्री खाताको महल नं. ५ को (वस्तु वा सेवाको नाम)" सम्बन्धी महल झिकिएको।

[122] पच्चीसौं संशोधनद्वारा अनुसूची-९ मा रहेका "बिक्री खाताको महल नं. ६ को (वस्तु वा सेवाको परिमाण)" सम्बन्धी महल झिकिएको।

[123] पच्चीसौं संशोधनद्वारा अनुसूची-९ को अन्त्यमा रहेको नोट झिकिएको। संशोधन हुनुअघिको व्यवस्थाः "नोटः विद्युतीय माध्यमबाट बीजक जारी गर्ने करदाता बाहेक अन्य करदाताले खरिद तथा बिक्री खातामा मालवस्तुको विवरण र परिमाण उल्लेख गर्दा एउटा बिलमा दुईभन्दा बढी फरक

मूल्य र प्रकारका मालवस्तु खरिद बिक्री भएमा र खुद्रा बिक्रेता भएमा एकमुष्ठ रूपमा बिलको रकम प्रविष्टी गर्न सकिनेछ।"

[124] नेपाल राजपत्रमा मिति २०७७।६।१९ मा प्रकाशित सूचनाद्वारा हेरफेर गरिएको।

[125] नेपाल राजपत्रमा मिति २०५७।४।१ मा प्रकाशित सूचनाद्वारा हेरफेर गरिएको।

[126] नेपाल राजपत्रमा मिति २०५७।४।१ मा प्रकाशित सूचनाद्वारा हेरफेर गरिएको।

[127] नेपाल राजपत्रमा मिति २०५७।४।१ मा प्रकाशित सूचनाद्वारा झिकिएको।

[128] नेपाल राजपत्रमा मिति २०५७।४।१ मा प्रकाशित सूचनाद्वारा झिकिएको।

[129] बाइसौं संशोधनद्वारा संशोधित।

[130] बाइसौं संशोधनद्वारा संशोधित।

[131] नेपाल राजपत्रमा मिति २०५७।४।१ मा प्रकाशित सूचनाद्वारा हेरफेर गरिएको।

[132] बाइसौं संशोधनद्वारा थप।

[133] नेपाल राजपत्रमा मिति २०५७।४।१ मा प्रकाशित सूचनाद्वारा झिकिएको।

[134] अठारौं संशोधनद्वारा झिकिएको।

<u>द्रष्टव्यः</u>

(१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टामा "नेपाल सरकार"

(२) मल्य अभिवृद्धि कर (उन्नाइसौं संशोधन) नियमावली, २०७४ द्वारा रुपान्तर भएका शब्दहरुः-
"मूल्य अभिवृद्धि कर कार्यालय" को सट्टामा "आन्तरिक राजस्व कार्यालय"

(३) मूल्य अभिवृद्धि कर (बाइसौं संशोधन) नियमावली, २०७७ द्वारा रुपान्तर भएका शब्दहरुः-
अनुसूचीहरूमा रहेका "मूल्य अभिवृद्धि कर विभाग" र "मू.अ.क. विभाग" को सट्टामा "आन्तरिक राजस्व विभाग" र "मूल्य अभिवृद्धि कर कार्यालय" को सट्टामा "आन्तरिक राजस्व कार्यालय"।

**<u>नोटः</u> यस पुस्तकमा उल्लिखित संशोधनको सम्बन्धमा कुनै द्विविधा भएमा सम्बन्धित सालको संशोधन नियमावली प्रकाशन भएको राजपत्र हेर्नुहुन अनुरोध गरिन्छ।**